# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषय परिचय

प्राथमिककालीन नेपाली कविताको पहिलो चरण (१८२६-१८७२) वीरधारा हो । यस धारामा वीर काव्यको प्रबलता देखा पर्दछ । युद्धकालीन समयका वीर तथा वीराङ्गानाहरूको वीरता र विजयका गाथा गाइएका कविताहरूलाई वीरकाव्य भनिन्छ । वि.सं. १८०१ देखि १८७२ सम्म नेपाल एकीकरणको र राज्यविस्तारको अवधि हो (बन्धु, २०६० : १५०) । वि.सं. १८०१ को नुवाकोट विजयद्वारा एकीकरण अभियान प्रारम्भ गरिएको समय हो । एकीकरणकालीन समय वीरकाल भएकोले यस अवधिका कविहरूले समय र परिस्थिति अनुरूप कवितामा वीरहरूको प्रशंसा र स्तुति गाएका छन् । देश र समाजमा व्याप्त यस प्रवृत्तिबाट अलग्गिएर तत्कालीन कवि र कविताहरू बस्न सकेनन् । वीरको पूजा र वीरताको अर्चना गरेर यस चरणको नेपाली कविता तत्कालीन समाजका वास्तविक प्रतिविम्ब हुन पुगेका छन् (बन्धु, २०६० : १५०) । जसले उक्त समाजको पूर्ण छविलाई उतारेको छ ।

वीरको भावनाबाट सुरु भएको वीरधारा धेरै लामो समयसम्म नरहे पनि यसको अवधिसम्ममा धेरै कविहरूले लेखनको सुरुवात गरेको पाइन्छ । पृथ्वीनारायण शाहले नेपाल एकीकरणको अभियान सुरु गरेपछि उनको वीरताको बयानमा लेखिएको सुवानन्ददासद्वारा रचित 'पृथ्वीनारायण' शीर्षकको कवितालाई वीरधाराको मात्र नभएर नेपाली साहित्यकै पहिलोकविता मानिएको छ । यस धाराअन्तर्गत रहेर कविता सृजना गर्ने कविहरूमा शक्तिवल्लभ अर्यालको 'तनहुँ भकुण्डो', उदयानन्द अर्यालको 'पुरानुबातको अर्जी,' सुन्दरानन्द बाँडाको 'आशानदी,' राधावल्लभ अर्यालको 'साँढ्याको कवित्,' रामभद्रपाध्या रेग्मीको 'बंधुविनपराष्टकं,' गुमानी पन्तको 'फुटकर कविता,' रत्नाकर पण्डितको 'गीत,' लक्ष्मीनारायणको 'हरिश्चन्द्रविलाप' आदि मुख्य मानिन्छन् । यस चरणका कविताहरूले युगीन परिस्थितिको चित्रण सजीव ढङ्गले गरेका छन् । त्यसैले 'वीरकालीन कवितामा युगीन प्रभाव' शीर्षकसित सम्बन्धित प्रश्नहरू प्राज्ञिक जिज्ञासाको लागि उपयुक्त हुनाले यो शीर्षक शोधका लागि उपयुक्त रहेको छ ।

## १.२ समस्या कथन

प्रस्तुत शोधका समस्याहरू निम्नलिखित समस्यामा केन्द्रित भएर गरिएको छ :

(१) वीरकालीन कवितामा युगीन प्रभाव प्रकट गर्ने कविहरू को को छन् ?

(२) वीरकालीन कवितामा पाइने युगीन प्रभावहरू के कस्ता छन् ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधका प्रमुख उद्देश्य निम्नलिखित रहेका छन् :

(१) वीरकालीन कवितामा युगीन प्रभाव प्रकट गर्ने कवि र कविताको सर्वेक्षण गर्नु ।

(२) वीरकालीन कवितामा युगीन प्रभावहरूको विश्लेषण र मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

वीरकालीन कवि र कविताका बारेमा खोज-अनुसन्धान गर्ने कार्य धेरै लामो छैन । नेपाली साहित्यका विविध विधामा अध्ययन-अनुसन्धान गर्ने परिपाटी भए पनि वीरकालीन कविताका बारेमा अध्ययन-अनुसन्धान गर्ने परम्परा त्यति फस्टाएको छैन । त्यसकारण यस शोधकार्यमा वीरकालीन कविताको सर्वेक्षण गरेर युगीन प्रभावको अध्ययन गरिएको छ ।

बाबुराम आचार्य (२००३) ले *पुराना कवि र कविता* कृतिमा नेपाली साहित्यको वीरधारादेखि भक्तिधारासम्मका कवि र कविताको उल्लेख गरी रघुनाथ र भानुभक्तसम्म सीमित रहेको कविताको आदिकाललाई सुवानन्ददास र शक्ति वल्लभसम्म पुऱ्याएका छन् ।

दयाराम श्रेष्ठ (२०३२) ले *नेपाली साहित्यका केही पृष्ठ* कृतिमा वीरकालको पृष्ठभूमि, उपलब्धि र योगदानको परिचय दिई 'साँढ्याको कवित्' का बारेमा विश्लेषण गरेका छन् ।

गणेशबहादुर प्रसाईं (२०४४) ले *सुवानन्ददासदेखि राजीवलोचनसम्म* कृतिमा नेपाली साहित्यमा वीरकालको प्रभाव विश्लेषण गरिएको छ । प्रसाईंले यस कृतिमा वीरकालीन कविहरूमध्ये सुवानन्ददास, राधावल्लभ अर्याल, उदयानन्द अर्याल र उनीहरूका कविता काव्यको विशेष उल्लेख गरेका छन् ।

ठाकुर पराजुली (२०४५) ले *नेपाली साहित्यको परिक्रमा* कृतिमा नेपाली भाषाको प्रारम्भिक इतिहास र यसको भूमिका, नेपाली भाषा : अभिलेखदेखि टीका वाङ्मयसम्म नेपालको लोकसाहित्य र यसको विकास र वीरधाराको परिवेशका साथै यसको उपलब्धिका बारेमा उल्लेख गरेका छन् ।

केशवप्रसाद उपाध्याय (२०६० चौथो सं.) ले *प्राथमिककालीन कवि र काव्यप्रवृत्ति* कृतिमा वीरकालीन कविता काव्यको स्रोत परम्परा, ऐतिहासिक पृष्ठभूमिका साथै वीरकालीन कविहरू सुवानन्ददास, शक्तिवल्लभ अर्याल, उदयानन्द अर्याल, सुन्दरानन्द बाँडा, गुमानी पन्त र यदुनाथ पोखरेको सामान्य परिचय र काव्यात्मक प्रवृत्तिलाई प्रष्ट पारेका छन् ।

गोपालप्रसाद भण्डारी (२०५३) ले *प्रागभानुभक्तीय नेपाली काव्य* कृतिमा वीरकालीन कवि र कविताका बारेमा चर्चा गरेका छन् । यस कृतिले वीरभावना प्रधान कविता काव्य र यसको प्रतिनिधि कविहरूको काव्यात्मक प्रवृत्तिलाई स्पष्ट पारेको छ ।

दयाराम श्रेष्ठ (२०५७ ते.सं.) ले "वीरकालीन कविता" कृतिमा वीरकालीन कवि र कविताको परिचय दिई विश्लेषण गर्ने कार्य गरेका छन् । यस कृतिमा श्रेष्ठले वीरकालीन प्रथम कवि सुवानन्ददासको 'पृथ्वीनारायण' कवितादेखि अज्ञात कविका कविताहरू पनि सङ्कलन गरेका छन् ।

चूडामणि बन्धु (२०६० सम्पा.) ले *नेपाली साहित्यको इतिहास* (प्रथम खण्ड) कृतिमा नेपाली साहित्यको सुरुवात विन्दुदेखि वीरकालका कवि र कविताका बारेमा उल्लेख गर्नुका साथै नेपाली साहित्यको पृष्ठभूमि, नेपाली भाषाको जन्म र विकास, नेपाली लोकसाहित्य र नेपाली साहित्यको इतिहासलेखन तथा कालविभाजन आदिका बारेमा प्रस्ट पारेका छन् ।

नारायणप्रसाद पौडेल (२०६०) ले "प्राथमिककालीन नेपाली कवितामा छन्दविधान" अप्रकाशित अनुसन्धानात्मक शोधपत्रमा वीरकालका कवितामा प्रयोग भएका छन्दका बारेमा उल्लेख गरेका छन् ।

सुमित्राकुमारी पौडेल (२०६३) ले "नेपाली कवितामा वीरधाराका प्रवृत्ति" अप्रकाशित अनुसन्धानात्मक शोधपत्रमा वीरकालका कवि र कविताका बारेमा मात्र प्रष्ट पारेकी छिन् ।

उषा अर्याल (२०७०) ले “वीरकालीन कविताको विश्लेषण” अप्रकाशित अनुसन्धानात्मक शोधपत्रमा वीरकालीन कवि र कविताको प्रवृत्तिसहित सर्वेक्षणात्मक विश्लेषण गरिएको छ ।

वीरकालीन कवि र कविताको बारेमा विभिन्न व्यक्तिहरूले चर्चा गरे तापनि वीरकालीन कवितामा परेको युगीन प्रभावको बारेमा अध्ययन अनुसन्धान गरिएको देखिदैन । त्यस कारण वीरकालका कवितामा परेको युगीन प्रभावका आधारमा यो शोधपत्र तयार गरिएको छ ।

## १.५ शोधको औचित्य र महत्त्व

वीरकालीन कविताको युगीन प्रभावका बारेमा पूर्वकालीन अध्येताहरूले दिएको सूचना पर्याप्त नभएकोले प्रस्तुत अध्ययनबाट वीरकालका कविताहरूमा प्राप्त युगीन प्रभावका बारेमा ज्ञात हुन्छ । यसबाट वीरकालीन कविताहरूमा तत्कालीन युगको प्रभाव के कसरी परेको छ भन्ने खोजमा रिक्त भएको ठाउँ यस खोजले पूरा गर्दछ । सार्वजनिक, शैक्षिक र प्राज्ञिक उपयोगिता हुनाले यसको औचित्य र महत्त्व रहेको छ ।

## १.६ शोधको सीमा

नेपाली कविताको प्राथमिक कालअन्तर्गत पूर्वार्ध चरण वि.सं. १८२६-१८७२ सम्मको वीरधारा र यस धारामा परेको युगीन प्रभावको अध्ययन गरी त्यससँग सम्बन्धित तत्कालीन सामाजिक राजनीतिक, ऐतिहासिक आदि प्रभावहरूको मात्र उल्लेख गरी विश्लेषण गर्नु यस शोधकार्यको सीमा रहेको छ ।

## १.७ शोधविधि

यस शोधकार्यका लागि अपनाइएको शोधविधि अन्तर्गत निम्नलिखित उपशीर्षकहरू रहेका छन् ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार पार्दा मुख्य रूपमा पुस्तकलयीय अध्ययन पद्धतिलाई अपनाइएको छ । यस सन्दर्भमा वीरकालीन कविताहरूको विवेचना गरिएका पुस्तक, पुस्तिका, शोधपत्र र अन्य आवश्यक सन्दर्भ सामाग्रीरूको प्रयोग गरिएको छ ।

### १.७.१ सामग्री विश्लेषण विधि

प्रस्तुत शोधपत्रमा वीरकालीन कवितामा युगीन प्रभावको विश्लेषण गर्दा एउटा सैद्धान्तिक ढाँचा तयार पारिएको छ । यस सैद्धान्तिक ढाँचामा निम्नलिखित आधारहरु रहेका छन् :

(क) ऐतिहासिक/राजनैतिक आधार

(ख) धार्मिक आधार

(ग) सामाजिक आधार

(घ) लोकसाहित्यको आधार

(ङ) सांस्कृतिक आधार

(च) भाषिक आधार

(छ) राष्ट्रिय चेतनाको आधार ।

यिनै सैद्धान्तिक ढाँचाका आधारमा वीरकालीन कवितामा युगीन प्रभावको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## १.८ शोधको रूपरेखा

वीरकालीन कवितामा युगीन प्रभाव शीर्षक रहेको प्रस्तुत शोधपत्रमा पाँच परिच्छेद रहेका छन्, जसको रूपरेखा यसप्रकार रहेको छ :

**पहिलो परिच्छेद** : शोध परिचय

**दोस्रो परिच्छेद** : वीरकालीन कवितामा युगीन प्रभाव विश्लेषणको सैद्धान्तिक ढाँचा

**तेस्रो परिच्छेद** : वीरकालीन कविताको सर्वेक्षण

**चौथो परिच्छेद** : वीरकालीन कवितामा युगीन प्रभावको प्रवृत्तिगत विश्लेषण

**पाँचौँ परिच्छेद** : शोध निष्कर्ष ।

**सन्दर्भग्रन्थ सूची**

# दोस्रो परिच्छेद

# वीरकालीन कवितामा युगीन प्रभाव विश्लेषणको सैद्धान्तिक ढाँचा

## २.१ विषय परिचय

नेपाली साहित्य लेखनको इतिहास विश्वका कतिपय अन्य समृद्ध साहित्यको तुलनामा त्यति लामो पुरानो नभए पनि यसको आफ्नै किसिमको व्याप्ति-विस्तार छ र यसले पनि विकासका अनेक चरणहरू पार गरेर आफ्नो विकासशील स्वरूपको निर्माण गरेको छ (बन्धु, २०६०: ११०) । यस्तै तबरले विस्तारित हुँदै आएको छ ।

नेपाली साहित्यलेखनको सुरुवात कविता विधाबाट भएको हो । नेपाली कविताको सर्वप्रथम प्रयोग वीर रसबाट भएको हो । नेपाल एकीकरणको अभियानकर्ता पृथ्वीनारायण शाहको समयदेखि लिखित नेपाली कविताको सुरुवात भएको हो । नेपाली कविताको प्राथमिक कालअन्तर्गत वीरधारा र भक्तिधारा पर्दछन् । यसमा वीरधाराको समयावधि वि.सं. १८०१ देखि वि.सं. १८७२ अर्थात् नुवाकोट विजयदेखि सुगौली सन्धि पूर्वसम्म रहेको छ । यो समय नेपाल एकीकरणको समय हुनाले यस कालका कविताहरू वीर रसले भरिएका छन् । हालसम्मको अध्ययनमा देखापरेका प्रथम कवि सुवानन्ददास हुन् भने सुरुको कविता 'पृथ्वीनारायण' हो । एकीकरण र युद्धको समय हुनाले अन्य वीरधाराका कविहरूले पनि युद्धजन्य परिस्थितिको चित्रण आफ्ना रचनामा गरेका छन् । ती वीरधाराका अन्य कविहरूमा शक्तिवल्लभ अर्याल, उदयानन्द अर्याल, सुन्दरानन्द बाँडा, राधावल्लभ अर्याल, रामभद्र पाध्या रेग्मी, गुमानी पन्त, लक्ष्मीनारायण, रत्नाकर पण्डित, लक्ष्मण कवि र अन्य थुप्रै अज्ञात कविहरूले वीरकालीन कविताहरूको रचना गरेका छन् ।

यी माथिका कवि र कविताहरूले के कसरी तत्कालीन परिवेशको नक्सा उतार्न कवितामा सफल बने भन्ने अध्ययन यस परिच्छेदमा गरिएको छ ।

## २.२ नेपाली भाषामा साहित्यलेखनको पृष्ठभूमि

साहित्यिक प्रयोगका लागि नेपाली भाषाको प्रयोग विक्रमको उन्नाइसौं शताब्दीको प्रारम्भदेखि भएको हो । यस अघि नेपाली भाषाको उपयोग सामान्य व्यवहार, वाङ्मय अभिलेख क्षेत्रमा सीमित रहेको थियो । यही समयदेखि (१८०१) नेपाली भाषाको प्रयोग काव्यात्मक अभिव्यक्तिका लागि साहित्य क्षेत्रमा पनि भएको हो । साहित्य सृजनाको यस शुभारम्भबाट नेपाली भाषाको अभिव्यक्ति क्षमतामा नौलो आयाम थपिएको हो । नेपाली भाषातर्फ हेर्दा यसमा विक्रमको उन्नाइसौं शताब्दीमा यो नौलो आयाम थपिएकोले सो समयदेखि नै नेपाली साहित्यको प्रारम्भ मानिएको छ । श्री ५ पृथ्वीनारायण शाहको एकीकरण अभियानलाई मुख्यतः आधार बनाएर वि.सं. १८०१ देखि नेपाली साहित्यको प्रारम्भ र नेपाली साहित्यको प्राथमिककाल मानिएको छ (बन्धु, २०६० : १३२) । अभिलेख वाङ्मय हुँदै उन्नाइसौं शताब्दीमा लिखित साहित्यको विकास हुँदै नेपाली साहित्यलेखनले पृष्ठभूमि खडा गरेको छ ।

## २.३ युगीन प्रभावको तात्पर्य

युगीनको अर्थ तत्कालीन समय वा युग परिवेश भन्ने अर्थ लाग्दछ । काव्य जीवनको आलोचना मात्र नभएर मानवको अन्तःप्रेरणाको सजीव अभिव्यक्ति पनि हो । यही अन्तःप्रेरणाले मानवको जाति, वंश र वातावरणसँग सम्बन्धित भएर अभिव्यक्ति पाउँछ । विश्वको कुनै पनि साहित्यको इतिहासको युग प्रवृत्ति वा यसमा प्रवाहित काव्यकारको रचना त्यस युगको सम्पूर्ण मानिस र इतिहासको सच्चा स्वरूप हो । सुवानन्द दास, शक्तिवल्लभ अर्याल र उदयानन्द अर्याल आदि कविहरूका कविता स्रष्टाको व्यक्तित्वको अभिव्यक्ति भए पनि तिनमा त्यस युगको सम्पूर्ण मानिसको रुचि, क्षमता, सोचाइ र प्रवृत्तिलाई ऐतिहासिक प्रवृत्ति एवं सत्यका आधारमा कविको अन्तःप्रेरणासँग एकाकार भएको पाइन्छ । वीरकालका कविहरू झुटो इतिहासका वक्ता नभएर जातीय सभ्यताका सच्चा प्रवक्ता हुन् (श्रेष्ठ, २०४१ : १-२) । त्यसैले तिनका कवितामा तत्कालीन युग पुरुषको शौर्य वीरत्वपूर्ण व्यक्तित्वको वर्णन र चित्रण गरिएको छ ।

कुनै पनि रचनाकार त्यस युगको सामाजिक, सांस्कृतिक, ऐतिहासिक आदि परिस्थितिबाट सोझै प्रभावित भएको हुन्छ । व्यक्तिगत पक्षको झुकाव काव्य तथा रचनामा भेटिए तापनि तत्कालीन समय, घटना एवं सन्दर्भबाट कुनै पनि रचनाकार

टाढा रहन सक्दैन । कुनै न कुनै रूपबाट आफ्नो युगको सन्दर्भलाई रचनामा पोखिरहेको हुन्छ । त्यस युगको इतिहास उक्त रचनामा बोलिरहेको हुन्छ । यही नै युगीन प्रभावको तात्पर्य र अर्थ हो ।

## २.४ युग/जाति/क्षणको सैद्धान्तिक मान्यता

युग/जाति र क्षणको सन्दर्भबाट साहित्यको मूल्याङ्कन गर्ने समालोचक तथा विद्वान हिप्पोलाइट टेन हुन् । यिनको १८६३ मा प्रकाशित पुस्तक *द हिस्ट्री अफ इङ्ग्लिस लिट्रेचर* पुस्तकमा आफ्नो साहित्यसम्बन्धी मान्यता प्रस्तुत गरेका छन् । यसमा उनले व्यक्ति बाँचेको युगको अभिव्यक्ति र आफू सम्बद्ध रहेको जातिको अभिव्यक्तिअन्तर्गत रहेको हुन्छ र सम्पूर्ण मानवीय उपलब्धि यिनै सन्दर्भबाट व्याख्यायित हुन्छन् । उनले यसलाई 'जाति,' 'पर्यावरण,' र 'क्षण' भन्ने पदावलीमा सूत्रबद्ध गरी प्रस्तुत गरेका छन्, जुन निम्नानुसार रहेका छन् :

### २.४.१ जाति

मानव समूहमा विभिन्न जातिहरू रहेका छन् । प्रत्येक साहित्यकार कुनै एक जातिको सदस्य हुन्छ र प्रत्येक जातिको आफ्नै सांस्कृतिक तथा ऐतिहासिक परम्परा हुन्छ (शर्मा र लुइँटेल, २०६७ : १२८) । यी सबै विशेषताहरू सबै साहित्यकारका साहित्यमा घटी वा बढी मात्रामा पाइन्छ ।

### २.४.२ पर्यावरण/युग

साहित्यकार जुन युगमा बाँचेको हुन्छ त्यसले आफ्नै युगको सामाजिक समस्या, सांस्कृतिक मान्यता राख्दछ । यिनै मान्यता एवं विश्वासलाई समग्र रूपमा युग भनिन्छ । प्रत्येक साहित्यकारहरूले जन्मदेखि नै आफ्नो वरपरको युगबाट प्रभाव ग्रहण गर्दछ (शर्मा र लुइँटेल, २०६७ : १२९) । यी प्रभावहरू पछि उसका साहित्यिक अभिव्यक्तिमा क्रियाशील हुन्छन् ।

### २.४.३ क्षण

साहित्यको सृजना जातिगत तथा पर्यावरणगत प्रभावबाट मात्र प्रभावित नभएर कुनै पनि साहित्यकारको जीवनमा विभिन्न समयमा महत्त्वपूर्ण क्षणहरू आउँदछन् । जतिखेर ऊ साहित्यिक रचनाका लागि प्रेरित हुन्छ त्यही नै क्षण हो

(शर्मा र लुइँटेल, २०६७ : १२९) । कुनै पनि साहित्यकारले साहित्यको रचना गर्दा उसले भोगेको क्षणले महत्त्वपूर्ण भूमिका उसका रचनामा परेको हुन्छ ।

कुनै पनि रचनाकारले साहित्यको रचना गर्दा ऊ आफ्नो जाति, आफूले भोगेको क्षण र आफू बाँचेको युगभन्दा पर गएर साहित्य सृजना गर्न सक्दैन । ऊ बाँचेको युगको सामाजिक, सांस्कृतिक, प्राकृतिक, राजनीतिक आदि विविध पक्षहरूको सिङ्गो युग नै रचनाकारको रचनामा बोलिरहेको हुन्छ भन्ने सैद्धान्तिक मान्यता नै टेनको जाति, युग र क्षणको मान्यता हो ।

## २.५ साहित्यमा तत्कालीन युगको प्रभाव

साहित्य समग्र जीवनको अनुभव हुनाले एउटा साहित्यकारले आफू बाँचेको युगको समग्र पक्षको चित्रण आफ्ना रचनामा गरेको हुन्छ । कुनै पनि रचनाकारको रचनामा तत्कालीन युगको निम्नलिखित तत्त्वहरूको प्रभाव उसका रचनामा परेको हुन्छ :

### २.५.१ राजनीतिक तथा ऐतिहासिक प्रभाव

तथ्य प्रमाणबाट विचलन हुनु इतिहासको स्वभाव होइन । साहित्य जीवनका अनुभूतिहरूकै अभिव्यक्ति हुनाले यसको तत्कालीन सामाजिक, राजनीतिक तथा ऐतिहासिक परिवेशसँग निकट सम्बन्ध रहेको हुन्छ । जीवनमा सामाजिक तथा राजनीतिक गतिविधिबाट साहित्य पूर्णतः अलग हुँदैन । प्रत्येक व्यक्तिले आफूलाई आफू बाँचेको समाजको परिस्थितिबाट अलग गराउन सक्दैन । व्यक्तिका इच्छा, आकाङ्क्षा, सुख-दुःख, आस्था र मान्यता समाजभित्रै पालित र पोषित हुन्छन् । साहित्यकार भनेको यस्तै अनुभूतिसँग मुछिएको सचेत प्राणी भएकाले उसको अभिव्यक्तिमा तत्कालीन परिवेशको छाप परेको हुन्छ (बन्धु, २०६० : ३१५) ।

राजनीतिक घटना तथा सन्दर्भहरू नै पछिका दिनमा इतिहासमा परिणत हुन्छन् । कुनै पनि राष्ट्रको राजनीतिक घटना नभएको भनी फेला पार्न कठिन पर्दछ । समय-समयमा भएका राजनीतिक परिवर्तन घटना सन्दर्भहरूबाट तत्कालीन समयका साहित्यकारहरू छुट्टै रहन सक्दैन । उनीहरूले आफ्नो युगको

युगान्तकारी राजनीतिक एवं ऐतिहासिक घटनाहरूलाई आफ्ना रचनामा स्थान दिएका हुन्छन् ।

कुनै पनि युग र त्यस युगका स्रष्टाहरू बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । युगका आवश्यकताअनुसार स्रष्टाहरूको प्रार्दुभाव हुन्छ । अर्थात् ती स्रष्टाहरूले नै युगलाई हाँकी युगान्तकारी राजनीतिक तथा सांस्कृतिक चेतना जनमानसमा सञ्चार गरिदिन्छन् । त्यसैले युग र स्रष्टाको समष्टिमा मात्र साहित्य जैविक परम्परा बन्दछ (श्रेष्ठ, २०६५ : ५७) । त्यसैले युग र साहित्यकारको निकटको सम्बन्ध रहेको हुन्छ ।

समाज धार्मिक, सामाजिक र राजनीतिक विविध सम्बन्धहरूमा घेरिएको हुन्छ । एउटा स्रष्टा पनि उक्त समाजको एक अभिन्न अङ्गको रूपमा रहेको हुन्छ । समाजमा बस्दा आफू बाँचेको युगमा के कस्ता राजनीतिक एवं ऐतिहासिक घटनाहरू घटेका छन् । समाजमा परिवर्तन कुन पक्षले ल्याएको छ भन्ने राजनीतिक ऐतिहासिक घटनाहरूलाई स्रष्टाले आफ्नो ढङ्गबाट मूल्याङ्कन गरिरहेको हुन्छ र उसले भोगेको राजनीतिक तथा ऐतिहासिक घटनाहरूलाई उसले आफ्ना रचनामा उतार्ने प्रयास गर्दछ । त्यस्ता घटनाहरूलाई उनीहरूले भोक्ता र द्रष्टाको नजरले सत्यतथ्यको जानकारी दिने प्रयास गरेका हुन्छन् । स्रष्टाहरू नै आफ्नो युगका सत्य घटना, सन्दर्भ र इतिहासका व्याख्याता हुन् । कुनै पनि रचनाकार आफू बाँचेको युगको राजनीतिक तथा ऐतिहासिक घटना सन्दर्भबाट टाढा रहेर साहित्यको सृजना गर्न सक्दैन । । कुनै पनि रचनाकारको रचनामा रचनाकार बाँचेको युगको राजनीतिक ऐतिहासिक पक्ष बोलिरहेको हुन्छ ।

### २.५.२ धार्मिक प्रभाव

नेपालमा धार्मिक सहिष्णुता परापूर्वकालदेखि नै कायम थियो । यहाँ कुनै विधर्मीको आक्रमणले धार्मिक सङ्कट पनि आएको छैन (उपाध्याय, २०६० : ६६) । समाजको सामाजिक संरचनाका बनोटमा धर्मको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

नेपाली समाज सनातनकालदेखि नै हिन्दू र बौद्ध धार्मिक संस्कार अँगालेर हुर्केको-बढेको हुँदा वेद उपनिषद् एवं पुराणहरूको प्रभाव कुनै पनि रचनाकारको रचनामा पाइनु स्वाभाविकै हो । धर्म सामाजिक व्यवस्थाका उपजका रूपमा रहेकाले

यसमा स्वर्गको आकर्षण र नर्कको त्रास देखाएर जनमानसलाई धर्म र सत्प्रति प्रवृत्त गराउनुमा रहेको हुन्छ । 'सत्यको जय र असत्यको क्षय' भन्ने मान्यता वा 'परोपकार नै धर्म हो' भन्ने विश्वासलाई प्रतिपादन गर्ने लक्ष्य कुनै पनि साहित्य सृजनामा रहेको हुन्छ र त्यसमा देववाणी, आकाशवाणी, देवदेवीका प्रतिमा, प्रकटीकरण र अन्तर्ध्यान, श्राप, वरदान, स्वर्ग, नर्क, तपस्या, मोक्ष, पुनर्जन्म जस्ता धार्मिक तथा नैतिक पक्षको उजागर गरिएको हुन्छ (बन्धु, २०६० : २४९) । जसको उद्देश्य भन्नु नै लोकलाई मार्गनिर्देश गर्नु हो ।

साहित्यकार समाजको एक जागरुक प्राणी भएकाले उसमा समाजमा भएका विविध पक्षको जानकारी, आस्था, अनास्था र निराशाहरूका प्रतिविम्बन उसका रचनाहरूमा भेटिन्छ । धर्म सनातनदेखि चल्दै आएको एक मान्यता एवं आस्था हो, जसले समाजमा नैतिकता र अनैतिकता बीचमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । वेद, उपनिषद् र विविध ग्रन्थहरूबाट धर्मको सार समाजलाई दिएको हुन्छ । जसको पालना समाजका सबै व्यक्तिहरूले गरेका हुन्छन् । मान्छेलाई सामाजिक नैतिकता र मर्यादामा बाँध्नको लागि धर्म एक कडीका रूपमा रहेको हुन्छ । धार्मिक परम्पराअनुसार नै मान्छेको मस्तिष्कको निर्माण भएको हुन्छ । धर्मको आडमा समाजमा अपराध अनैतिकता जस्ता घटनाहरू घट्न पाउँदैनन् । समाजको धार्मिक नियम विरुद्ध समाजको कुनै व्यक्ति जान सक्दैन । साहित्यकार पनि समाजकै अङ्ग भएकाले उसले समाजका सम्पूर्ण धार्मिक नियम एवं परम्पराहरूको अनुशरण गरेको हुन्छ । ऊ समाजको परम्पराभन्दा बाहिर जान सक्दैन । साहित्यकार आफू बाँचेको युगको धार्मिक रीतिथिति, परम्परा र मान्यताहरू बारे उसले आफ्ना रचनामा उतारेको हुन्छ । उसले तत्कालीन समयमा लेखेको धार्मिक लेख नै उसको ऐतिहासिक लेख हुन जान्छ र त्यो युगको समग्र धार्मिक अवस्थाका बारेमा ज्ञात हुन जान्छ । त्यसैले साहित्यकारहरूले आफ्नो युगको समग्र व्याख्या गर्ने क्रममा धार्मिक पक्षले तत्कालीन समाजलाई पारेको प्रभावका बारेमा उनीहरूका रचनामा यथार्थ पाराले प्रस्तुत गरिएको हुन्छ ।

### २.५.३ आर्थिक प्रभाव

मार्क्सद्वारा प्रतिपादित भएको मानव इतिहासको आर्थिक वा भौतिकवादी व्याख्यालाई ऐतिहासिक भौतिकवाद भनिन्छ । द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तका

आधारमा मानव इतिहासमा भएका विभिन्न परिवर्तन विकास, आर्थिक तथा भौतिक कारणबाट भएको हो भन्ने मानिएको छ । समाजको राजनीतिक र बौद्धिक जीवनको निर्धारण भौतिक जीवनको चाहना र आवश्यकता अनुरूपको उत्पादनको तरिकाले गर्छ भन्ने कालमार्क्सको दृष्टिकोण रहेको छ । भौतिक तत्त्व गतिशील र परिवर्तनशील हुने हुँदा यसको निन्तर विकास भैरहन्छ । यस्तो विकास परिवर्तनले मानवको जीवन शैलीमा परिवर्तन हुन्छ । मार्क्सले यही भौतिक एवं आर्थिक आधारमा मानव समाजको हालसम्मको ऐतिहासिक विकास तथा त्यसका चरणहरूको व्याख्या गरेका छन् । जसमा आदिम साम्यवादी युग, दास युग, सामन्त युग, पूँजीवादी युग र साम्यवादी युग भनी ६ वटा अवस्थामा समाज विकासको चरणलाई विभाजन गरेका छन् (शर्मा र लुइँटेल, २०६७ : १३२) । यसरी आर्थिक विकासको आधारमा मानव समाजको चरणगत विभाजन उनले गरेका छन् ।

साहित्य कला समाजको आर्थिक तथा भौतिक जीवनबाट उत्पन्न हुन्छ र त्यसमा नै आधारित हुन्छ । आर्थिक एवं भौतिक धरातलमा परिवर्तन हुनासाथ साहित्य कला अन्य रूपहरूमा पनि उही गतिमा परिवर्तन हुन जान्छ । साहित्य कला पनि परिस्थितिबाट मात्र प्रभावित हुँदैन । यसले प्रायः परिस्थितिलाई पनि प्रभाव पार्दछ । सामाजिक क्रान्ति र समाजको आर्थिक परिवर्तनमा यसले महत्त्वपूर्ण भूमिका खेल्छ । साहित्य कलाको उद्भव विकासमा श्रमको महत्त्वपूर्ण भूमिका रहन्छ । श्रमद्वारा नै साहित्य निर्माण गर्ने हातहरूमा शक्ति र क्षमता आउँछ । श्रमबाट नै जीवनमा अनुभव प्राप्त हुन्छ (शर्मा र लुइँटेल, २०६७ : १३३) र यस्तो अनुभवबाट नै एक प्रभावकारी साहित्यको सृजना हुन्छ ।

मार्क्सले प्रतिपादित गरेका ६ वटा समाज विकासका चरणहरूमा साम्यवादी समाज विकास हुँदै दास, सामन्त र पूँजीवादी युगमा विश्व चलिरहेको छ । मानिसको ज्ञान र क्षमताले गर्दा अर्थको विकास पूँजीवादीको चरम विकासमा पुगिसकेको छ । साम्यवादी युग, दास युग होस् वा पूँजीवादी जुनसुकै युगमा विश्व पुगे पनि त्यो युगको आर्थिक पक्षको प्रभाव उक्त युगको कला साहित्यमा परिरहेको हुन्छ ।

राष्ट्रको अर्थनीति र आफूले भोगेको आर्थिक युगबाट उक्त युगका साहित्यकारहरू अनभिज्ञ रहन सक्दैनन् । उनीहरूले आफूले भोगेको आर्थिक अवस्था र समग्र राष्ट्रकै अर्थतन्त्रका बारेमा रचनाकारहरू सचेत हुन्छन् । त्यसैले उनीहरूले

रचना गरेका सृजनाहरूमा पक्कै पनि तत्कालीन युगको आर्थिक प्रभावलाई उनीहरूले प्रस्तुत गर्दछन् । कुनै पनि साहित्यकार कुनै राष्ट्रको आर्थिक परिस्थितिबाट अलग रहन सक्दैन । त्यसकारण आफू बाँचेको युगमा आर्थिक रूपमा पारेको प्रभावलाई उनीहरूको साहित्यिक रचनाहरूले तत्कालीन आर्थिक स्थितिको दस्तावेजका रूपमा प्रस्तुत गरेका हुन्छन् ।

### २.५.४ सामाजिक प्रभाव

नेपाल चार वर्ण छत्तीस जातको देश रहिआएको नेपालको सामाजिक स्थिति आफ्नै प्रकारको रहेको छ । विभिन्न भाषाभाषी एवं जनजातिले बसोवास गरेको यस भू-भागमा विभिन्न सामाजिक परम्परा, मूल्य र मान्यता स्वतन्त्रतापूर्वक हुर्केको छ । फलस्वरूप यहाँका निवासीहरूको दैनिक जीवन र सामाजिक व्यवहार भिन्न-भिन्न प्रकारको छ । विवाह आदि विभिन्न संस्कारहरू, चाड एवं उत्सवहरू पनि भिन्नाभिन्नै र आफ्नै प्रकारका सामाजिक परम्पराअनुसार मनाइन्छ (बन्धु, २०६० : १३७) । विभिन्नतामा रहेको एकता नै नेपालको सही पहिचान हो ।

साहित्य समाजको ऐना हो, जसले गर्दा साहित्यमा समाजप्रतिको विम्बन पर्नु स्वभाविक हो । प्रत्येक युगमा साहित्य रचिन्छ र प्रत्येक परिवेशमा साहित्य सृजना हुने गर्दछ । युगले खास काल र परिवेशले खास देश तथा जातिलाई निर्दिष्ट गर्दछ । त्यसैले जुन बेलाको साहित्य भए पनि उक्त कालले समेटेको परिस्थितिलाई अध्ययन गरिएको हुन्छ । साहित्यकारले आफ्नो साहित्यको निर्माण त्यस युगको समाज, राजनीति, संस्कृति आदिको परिस्थितिभित्र बसेर गरेको हुन्छ । उक्त परिस्थितिमा उसका भोगाइ र कल्पना साहित्यिक अभिव्यक्तिमा प्रकटित हुने गर्छन् । फेरि साहित्यकार समाजको जागरुक प्राणी भएकाले पनि उसमा समाजमा भएका गतिविधि, उद्वोधन, आस्था, अनास्था, जागरुकता र सामाजिकताको प्रतिविम्बन प्रत्यक्ष रूपमा देखिएको हुन्छ (बन्धु, २०६० : ३१५-१६) । यिनै भावनाहरू उसका रचनामा समेत झल्किएको हुन्छ ।

समाज, सामाजिक व्यवस्था र सामाजिक सम्बन्धको जालोका रूपमा रहेको छ । समाज हरपल परिवर्तनशील छ । सामाजिक व्यवस्थामा भएको परिवर्तनले सामाजिक संरचनामा पनि परिवर्तन ल्याउँछ । प्रत्येक व्यक्ति समाजको अभिन्न

अङ्ग हो । समाजभन्दा कुनै पनि व्यक्ति बाहिर जान सक्दैन । सामाजिक बन्धन, नियम र अनुशासनभित्र व्यक्ति रहेको हुन्छ । साहित्यकार पनि त्यही समाजको एउटा अङ्गको रूपमा रहेको हुन्छ र त्यही साहित्यकारको हैसियतले उसले सामाजिक घटना, सामाजिक परिवर्तन, सामाजिक नियम र व्यवस्थाहरूको नियमलाई नजिकबाट हेर्ने प्रयास गरेको हुन्छ ।

रचनाकारले आफू बाँचेको सामाजिक परिवेशको चित्रण उसले आफ्ना रचनामा गरेको हुन्छ । सामाजिक जीवनको यावत् पक्षको द्रष्टा र भोक्ता भएर उसले आफ्नो परिवेशको चित्रण आफ्ना रचनामा गरेको हन्छ । समाजमा भएका अत्याचार र कुरीतिदेखि लिएर समाजका असल कुराहरूको पनि प्रत्यक्ष छाप साहित्यकारका कृतिमा परेको हुन्छ । एउटा साहित्यकारले तत्कालीन समाजका गलत कुराहरूको आमूल परिवर्तन उसका रचनामार्फत पनि गर्न सक्छ । त्यसैले कुनै पनि युगमा लेखिएको साहित्यले उक्त युगको सामाजिक दस्तावेजको रूपमा कार्य गरिरहेको हुन्छ । त्यसकारण कुनै पनि साहित्यकारले आफ्नो रचनामा समग्र सामाजिक व्यवस्था र परिवर्तनको इतिहास आफ्ना रचनामा उतारेको हुन्छ ।

### २.५.५ लोकसाहित्यको प्रभाव

कुनै पनि जातिको सृजनात्मक साहित्यको इतिहासको समयावधि त्यति लामो हुँदैन । नेपाली भाषाको सृजनात्मक साहित्यको इतिहास तीन सय वर्षभन्दा कमको छ तापनि मौखिक साहित्यको परम्परा भने लामो रहेको छ । यो मौखिक परम्परा कुनै न कुनै रूपमा भाषाको विकाससँगै विकसित भएको हुन्छ । लोकसाहित्य मौखिक परम्परा भएकाले नित्य परिवर्तित भइरहँदा त्यसको इतिहास फेला पार्न गाह्रो पर्दछ तापनि केही सूत्र भेटिन सक्छन् । कुनै पनि व्यक्तिका लागि आफ्नो लोकसाहित्यको ज्ञान लिखित साहित्यको सन्दर्भमा आवश्यक पनि छ, किनभने स्रष्टाहरूले लोकसाहित्यबाट नै धेरै लिएका हुन्छन् । नेपाली लोकसाहित्यमा लोककविता, लोकगीत, लोककथा, लोककाव्य, लोकनाटक, लोकगाथा, गाउँखाने कथा, उखान, टुक्काहरू पर्दछन् (बन्धु, २०६० : ५२) । यिनै स्रोतहरू नै लिखित साहित्यका आधार स्रोत हुन् ।

संसारका प्रत्येक भाषामा लोकसाहित्य पाउन सकिन्छ । लोकसाहित्य मौखिक परम्परामा विकसित हुन्छ र लोकजीवनका सुखदुःखको अनुभूति लोकसाहित्यको

माध्यमबाट प्रकट हुने भएकाले यसको विशिष्ट प्रकारको महिमा छ । लोकसाहित्य लोकजीवनको ढुकढुकी भएकाले यसले एउटा गलाबाट अर्को गलामा सहजै प्रवेश गर्छ र लोकसाहित्यमा लोकरञ्जन सुखदुःखको अनुभूति व्यक्त हुन्छ । यो लोकमानसको प्रत्येक पलको हृदयको धड्कन हो । यसमा निश्छल आत्माको सच्चा अनुभूति व्यक्त भएको हुन्छ र यसमा युगानुकुल परिस्थितिले प्रभाव पार्ने हुनाले लोकसाहित्य परिष्कृत र परिमार्जित हुँदै जान्छ । सामान्य जनगलाबाट निस्केको पद्यात्मक-गद्यात्मक भावानुभूति नै लोकसाहित्यको विषयवस्तु हुन्छ ।

लोकसाहित्य मौखिक परम्परामा हुर्केको हुनाले लिखित साहित्यको निर्माणमा यसको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । लोकसाहित्य समाजको एक महत्त्वपूर्ण संस्कृति हो । हरेक समाजमा लोकगीत, लोककथा, लोकनाटक र लोकगाथाहरू एक पुस्ताबाट अर्को पुस्तामा मौखिक रूपमा हस्तान्तरण भैरहेको हुन्छ । साहित्यकारहरूले पनि आफ्नो समाजबाट सुनेका मौखिक परम्पराको लोकसाहित्यका परम्परालाई सृजनाको स्रोतका रूपमा उनीहरूले ग्रहण गर्दछन् । लेखक जुन समयको परम्परामा हुर्केको हुन्छ त्यही समयको लोकव्यवहार मान्यताहरू उसका रचनामा भेटिएको हुन्छ । हरेक लिखित साहित्यको सृजनाको स्रोतका रूपमा लोकसाहित्य रहेको हुन्छ । लोकव्यवहार, संस्कृति, मान्यता, आचरणहरू त्यही युगको लिखित साहित्यमा रचनाकारले उतारेको कारण तत्कालीन युगको लोकसाहित्यको अवस्थाबारे अवगत हुन जान्छ । लेखक समाज र संस्कृतिको महत्त्वपूर्ण अङ्ग हुनाले समाजमा चलेका लोकव्यवहार संस्कृतिबाट रचनाकार टाढा रहन सक्दैन । त्यही लोकसंस्कृति एवं लोकसाहित्यलाई रचनाकारले लिखित रूपमा उसका रचनामा उतारेको हुन्छ ।

### २.५.६ भाषिक प्रभाव

मानिस सामाजिक प्राणी हो । ऊ समाजमा बसेर एक आपसमा विचार विनिमय गर्दछ । विचार विनिमय गर्नको लागि शब्द, शब्दावली, वाक्यांश विविध सङ्केतको प्रयोग गरिरहेको हुन्छ । विचार विनिमयका लागि इन्द्रियहरू विश्वासिला र भरपर्दो माध्यम हुन् । वक्ताले बोलेको कुरा श्रोताले सुनेर विचार भाव ग्रहण गर्दछ । विचार विनिमयको भरपर्दो माध्यम भाषा हो । यसले व्यापक क्षेत्र ओगटेको हुन्छ । भाषालाई व्यापक मान्नुको तात्पर्य के हो भने हामी भाषाको माध्यमबाट सोच्छौं र विचार व्यक्त गर्दछौं ।

नेपाल एउटा बहुभाषिक देश हो । देशभरका भाषाहरूको सर्वेक्षण गरी देशका भाषा र भाषिकाहरू, तिनको क्षेत्रविस्तार र एक अर्कासँगको सम्बन्धबारे वैज्ञानिक सर्वेक्षण गरी अध्ययन भइसकेको छैन । नेपालमा २०५८ सालको जनगणनाअनुसार ९२ भन्दा बढी भाषा मातृभाषाका रूपमा बोलिने तथ्याङ्क पत्ता लागेको छ । नेपालमा भाषाहरूलाई ४ वटा परिवारमा छुट्याइएको छ । आग्नेय परिवार, द्रविड परिवार, भोटवर्मेली परिवार र भारोपेली परिवार (बन्धु, २०६० : ३) । यिनै भाषा परिवारमा अन्य भाषाहरू पनि पर्दछन् ।

नेपालमा सबैभन्दा बढी जनसंख्याले भारोपेली परिवारका भाषा बोल्दछन् । यी भाषाहरूमा मैथिली, भोजपुरी, थारु, अवधि, उर्दु, हिन्दी, राजवंशी, दनुवार, मारवाडी, माझी, दरै र कुमाले भाषाहरू पर्दछन् । नेपाली भाषा नेपालको आधाभन्दा बढी जनसंख्याले मातृभाषाका रूपमा र अन्य भाषाभाषीहरूले दोस्रो भाषाको रूपमा बोल्ने भाषा हो (बन्धु, २०६० : १३) । नेपाली भाषालाई मातृभाषाको रूपमा धेरै जनसंख्याले वर्तमान समयमा प्रयोग गर्दै आएका छन् ।

भारोपेली परिवारका भाषाहरू नै नेपालमा अधिक मात्रामा बोलिएको पाइन्छ । भाषा अभिव्यक्तिको माध्यम हुनाले क्षेत्रगत आधारमा भिन्नाभिन्नै भाषाको प्रयोग गरिएको छ । कुनै पनि साहित्यकारले आफ्नो युगको परिवेशमा प्रयोग गरिएका भाषाका सन्दर्भहरूलाई भाषाका माध्यमबाट त्यस युगको परिवेशलाई अभिव्यक्तिमा प्रस्तुति गर्दछन् । त्यसको प्रस्तुतिबाट त्यस युगको भाषिक स्थितिका बारेमा अवगत हुन्छ । किनभने रचनाकारले आफ्नो परिवेशको सामाजिक, सांस्कृतिक र ऐतिहासिक परिवेशको व्याख्या गर्ने माध्यम नै भाषा हो । रचनाकारहरूले आफ्नो परिवेशको व्याख्या र विश्लेषण गर्दा रचनाकारको अभिव्यक्तिमा तत्कालीन युगको भाषिक प्रयोग झल्किएको हुन्छ ।

### २.५.७ राष्ट्रिय चेतनाको प्रभाव

राष्ट्रियता भनेको एकाकार विश्वास र अनुभूतिको प्रत्याभूति हो, जसमा नागरिकहरूको विश्वास एकाकारका अनुभूति रहेको हुन्छ । उनीहरू समाज, इतिहास, भाषा, प्रजाति तथा धार्मिक आधारमा एकीकृत भएका हुन्छन् (आचार्य, २०६२ : ३८) र उनीहरू निश्चित भौगोलिक सीमामा आबद्ध भएका हुन्छन् ।

नेपाली राष्ट्रियता भन्नाले तमाम नेपालीहरूले नेपाल राष्ट्रप्रति गर्ने भक्तिभाव र समर्पणलाई जनाउँछ । तमाम नागरिकहरूले नेपालप्रति देखाएको एकता, आत्मसम्मान, गौरव र भाइचाराको सम्बन्धनै नेपाली राष्ट्रियता हो । जसमा राष्ट्रिय पहिचानका रूपमा समाज संस्कृतिका विविध पक्षलाई उच्च मूल्याङ्कन गर्दै सामूहिकतालाई स्वीकारिएको हुन्छ। नेपाली समाजको विविधताभित्रको एकता नै राष्ट्रियताको एउटा पक्ष हो । यसैबाट स्वाधिन र स्वतन्त्र राष्ट्रको निर्माण हुन सकेको छ । नेपालको स्वतन्त्र अस्तित्वमाथि बेलाबखत भए गरेका आक्रमणका विरुद्धमा नेपालीहरूले देखाएको एकीकृत विरोध प्रतिरोध मनोवैज्ञानिक एकता नै नेपाली राष्ट्रियताको गहकिलो उदाहरण हो (आचार्य, २०६२ : ३९) । यसैबाट नै राष्ट्रियताको आधार बलियो भएको छ ।

राष्ट्रियताले राष्ट्रको अखण्डता, विकास, एकता, पहिचान र गतिशीलतालाई सधैँ आत्मसाथ गरेको हुन्छ । कुनै पनि राष्ट्रभित्र रहेको सीमाना, त्यसको इतिहास, जनजाति, धर्म संस्कृतिको रक्षा र विकास, स्वतन्त्र पहिचानका लागि ती देशका नागरिकले देखाएको समर्पण, अभिरुचि, चासो र एकता नै राष्ट्रियताको उदाहरण हुन् । राष्ट्रियता केवल कुनै भौगोलिक सीमानामा सीमित भएर रहने अवधारणा होइन, बरु यसले देशका नागरिकहरूको हरेक सवाललाई छोएको हुन्छ (आचार्य, २०६२ : ३८) । यसले हरेकमा आफ्नो पनको भावना दिलाएको हुन्छ ।

कुनै पनि रचनाकारको रचनामा राष्ट्रियताको छाप स्वतः प्राप्त हुन्छ । समय, युग एवं परिवेशअनुसार राष्ट्रका जनताहरूमा राष्ट्रियताको आवाज उठ्ने गर्दछ । कुनै पनि रचनाकारले आफ्नो युगमा राष्ट्रप्रतिको माया समर्पण राष्ट्रको अखण्डता विकासको भावनालाई आफ्ना रचनामा उतारेका हुन्छन् । कुनै पनि रचनाकारले आफ्नो राष्ट्रप्रति जुन भक्तिभाव समर्पण देखाउँछ त्यो नै राष्ट्रियता हो । त्यही भावनालाई रचनाकारले आफ्नो सृजनामा प्रस्तुत गर्दछन् ।

### २.५.८ सांस्कृतिक प्रभाव

मानव समुदायको विकास प्रक्रियामा मानवले नै सृजना गरेका भौतिक तथा अभौतिक पक्षहरूको योग नै संस्कृति हो । संस्कृति मानव जीवनको कार्यशैलीको सम्पूर्णता हो, जसमा संलग्न विभिन्न पक्ष अभौतिक भौतिक संस्कृतिका एकाइबाट सामाजिक व्यवहार सञ्चालन हुन्छ । संस्कृति एक व्यक्ति, समाज र पिँढीबाट अर्को व्यक्ति समाजमा हस्तान्तरण हुन्छ । संस्कृति मानिसले आफ्नो सामाजिक, सांस्कृतिक र

आर्थिक क्रियाकलाप सञ्चालन गर्नको लागि निर्माण गर्दछ । अरूबाट ग्रहण गर्दछ । यसै क्रममा संस्कृतिमा परिवर्तन आउन सक्छ । समाज र संस्कृतिको अन्योन्याश्रित सम्बन्ध हुने भएकाले प्रत्येक समाजमा विभिन्न संस्कृति हुन्छन् । प्रत्येक समाजको संस्कृति आफैमा ठीक र बेठीक हुँदैन । समाज, समय र सन्दर्भअनुसार सापेक्ष रूपमा संस्कृतिको विश्लेषण गर्न सकिन्छ । मानव समाजले समाज विकासको क्रममा जे जति कुराहरू सृजना गर्दछ, सिक्दछ र जीवनपद्धतिको तरिकाअनुरूप स्थापना गराउँछ ती सबैलाई संस्कृति भन्न सकिन्छ (आचार्य, २०६२ : १७-१८) । यस अर्थमा सामाजिक नियम, मूल्य-मान्यता, कला, भाषा, सङ्गीत, कानून आदि अभौतिक संस्कृतिका पक्ष मेसिन, घर, गाडी लगायतका प्रविधिहरू भौतिक र अभौतिक संस्कृतिका उदाहरण हुन् ।

संस्कृति समाजका मानिसको रहनसहन, सामाजिक व्यवहार र जीवन गुजार्ने तरिका हुनाले कुनै पनि व्यक्ति समाजको व्यवहार, रहनसहन र जीवनपद्धतिबाट फरक रहन सक्दैन । आफ्नो जात, धर्म र पेशाअनुसार संस्कृति भिन्न-भिन्न हुन सक्छन्, तर संस्कार विना मान्छेको सामाजिक अस्तित्व बेकार छ । रचनाकार एवं साहित्यकार पनि समाजको महत्त्वपूर्ण अङ्ग हुनाले उसले आफ्नो समाज र आफूले अपनाउने संस्कृतिको व्यवहार मान्यताहरूको व्याख्या आफ्ना कृतिमा गरेको हुन्छ । समाज जुन संस्कृतिमा विकसित भएको हुन्छ, त्यही समाज र संस्कृतिको चित्रण रचनाकारका रचनामा फेला पर्दछ ।

## २.६ निष्कर्ष

प्रस्तुत परिच्छेदमा वीरकालीन कवितामा युगीन प्रभावका बारेमा सैद्धान्तिक ढाँचा तयार पारिएको छ । यस सैद्धान्तिक ढाँचामा युगीन परिवेशको सामाजिक, सांस्कृतिक, राजनीतिक, ऐतिहासिक, धार्मिक आदि परिवेशको प्रभावका बारेमा व्याख्या गरिएको छ । कुनै पनि साहित्यको रचनामा तत्कालीन परिस्थितिको प्रभाव नपरी छोड्दैन किनभने रचनाकार भनेको उक्त समयको द्रष्टा र भोक्ता व्यक्ति हो । रचनाकारले आफू बाँचेको समग्र परिवेशलाई आफ्ना कृतिमा उतारेको हुन्छ । रचनाकारले व्याख्या गरेको युगीन परिवेशका आधारमा कुनै पनि युगको सामाजिक, सास्कृतिक, ऐतिहासिक र धार्मिक परिवेशको ज्ञान प्राप्त गरिएको हुन्छ भन्ने आधारमा यस परिच्छेदको सैद्धान्तिक ढाँचा तयार पारिएको छ ।

# तेस्रो परिच्छेद

## वीरकालीन कविताको सर्वेक्षण

### ३.१ विषय परिचय

नेपाली कविताको प्राथमिक काल (वि.सं. १८२६-१९४०) शिष्ट लेख्य नेपाली कविता परम्पराको थालनीका रूपमा रहेको छ । प्राथमिक कालमा पूर्वार्ध (वि.सं. १८२६-१८७२) र उत्तरार्ध (वि.सं. १८७३-१९४०) गरी दुई चरण रहेका छन् र पूर्वार्ध चरण वीरधाराको रूपमा चिनिएको छ । यो अवधि नेपालको एकीकरण र राज्य विस्तारको अवधि हो ।

नेपाली कविताको प्रारम्भिक चरणका कवितामा परेका तत्कालीक प्रभावहरू पनि प्रत्यक्ष र स्थुल देखिन्छन् । त्यस बेलाका कालिक घटना राष्ट्र निर्माणको नै प्रयास हो । तिनै ऐतिहासिक घटना तथा तथ्यहरू प्रारम्भिक कालका नेपाली कवितामा प्रकट भएका छन् (पराजुली, २०४५ : १०९) । त्यस्ता कविताले नै नेपाली साहित्यलाई वीरधारातिर मोडेका छन् ।

वीरकालीन काव्य मौखिक लोकसाहित्यबाट जन्मेर हुर्केको हो । यही साहित्यको पृष्ठभूमिमा माथि उठेर वीरकालीन कविताको थालनी भएको हो । वीर तथा विराङ्गनाहरूको गुणगान गाउने प्रथम सुरुवात कसरी र कोबाट भयो भनेर खोज्नु नै यस वीर धाराका कवि र कविताहरूको सर्वेक्षण गर्नु हो । धेरैजसो साहित्यको प्रारम्भिक विन्दु भक्ति र शृङ्गार रहे तापनि नेपाली साहित्यको प्रारम्भ भने वीरपूजाबाट भएको हो ।

स-साना बाइसी-चौबीसी राज्यहरूलाई एकीकरण गर्ने सोच पृथ्वीनारायण शाहमा उत्पन्न हुन नै वीरताको आधारभूमि हो र यही आधारबाट तत्कालीन कविहरूले त्यस समयको वातावरण र परिवेशको यथार्थ चित्रण गरी कविताको रूपमा आफ्ना भावनाहरू व्यक्त गरे । वीरताको यथार्थ चित्रण गरी वीरपूजा बन्दना गरी यस समयमा धेरै कविहरूले कविताको रचना गरे ।

प्राथमिक कालको काव्ययात्राको सुरुवात नेपाल एकीकरणको प्रारम्भसँगै भएको हो । तत्कालीन युद्धजन्य परिस्थितिलाई तत्कालिक कविहरूले विषयवस्तुका

रूपमा प्रयोग गरेका छन् । नेपाली कविताको प्राथमिक कालमा मौलिक कविता सृजनाको सुरुवात सुवानन्ददासले गरेका हुन् । सुवानन्ददासलाई वीरकालीन कविता परम्पराको प्रथम कविका रूपमा हेरिएको छ ।

वीरताको प्रशंसा गरी कवितामार्फत आफ्ना भावना पोखेर तत्कालीन परिस्थितिको व्याख्या-विश्लेषण गर्ने प्रमुख कवि व्यक्तित्वहरू निम्नलिखित छन् :

(१) विष्णुदास आचार्य
(२) सुवानन्ददास
(३) शक्तिवल्लभ अर्याल (१७८-१८६३)
(४) उदयानन्द अर्याल
(५) सुन्दरानन्द बाँडा
(६) राधावल्लभ अर्याल
(७) गुमानी पन्त (१८०४-१९०३)
(८) रामभद्र पाध्या रेग्मी (१८०० तिर)
(९) लक्ष्मीनारायण
(१०) रत्नाकर पण्डित
(११) लक्ष्मण कवि ।

माथिका कविहरूमध्ये धेरैको चिनारी पाउन सकिएको छैन । यी कविहरूको यथार्थ विवरणहरू खोजकर्ता एवं अनुसन्धानकर्ताहरूद्वारा खोज कार्य भइरहेका छन् । नुवाकोट विजय (वि.सं. १८०१ देखि सुगौली सन्धि, वि.सं. १८७२) सम्म करिब सात दशकको अवधिमा वीरधाराले धेरै कवि र काव्यकृति जन्मायो । वीरत्वको ज्वाला कवितामा पोख्ने वीरकालीन प्रमुख कवि रकविताका बारेमा सोधखोज र अध्ययन-अनुसन्धानबाट प्राप्त भएको तथ्यका आधारमा उनीहरूलाई चिनाउने प्रयास यस अध्ययनमा गरिएको छ ।

## ३.२ वीरकालका प्रमुख कविहरू

वीरकालीन कवितामा समग्र युग (आर्थिक, सामाजिक, राजनीतिक) को प्रभावलाई कविता मार्फत आफ्ना भावना पोख्ने वीरकालीन प्रमुख कवि व्यक्तित्वहरू निम्नलिखित छन् ।

### ३.२.१ **विष्णुदास आचार्य**

विष्णुदास आचार्यलाई सुवानन्द दासभन्दा अगाडिका कविका रूपमा लिएको छ । विष्णुदास आचार्यका बारेमा विभिन्न विद्वान्हरूले खोजतलास गर्ने कार्य हालसम्म पनि भैरहेको छ । बालकृष्ण पोखरेलले विष्णुदासको कवितालाई सुवानन्ददासको कविताभन्दा चारसय वर्ष पुरानो मान्नु भएको छ (श्रेष्ठ, २०५७ : ११७) । पोखरेलको भनाइअनुसार यसमा धेरै नै प्राचीन भाषाको प्रयोग हुनुका साथै तत्कालीन भाषिकाको प्रभाव रहेको छ । विष्णुदास आचार्यद्वारा रचना गरिएको कविता 'बडेराजा मलय बम्म' हो । यसलाई सुवानन्दको भन्दा पनि पुरानो कविता भनिएको छ । यसको प्रस्तुतिकरण र भाषाशैली पनि निकै पुरानो रहेको छ, जस्तै :

सेराली राजा चडो चढाया
छत्याली राजा छतरी लाया
सल्यानी राजा तुरग लाया

विष्णुदास आचार्यले 'बडेराजा मलयबम्म' मा तत्कालीन राजखलकको शाहस, वीरता एवं शौर्यताको वर्णन गरेका छन् ।

विष्णुदास आचार्यद्वारा रचित 'बडेराजा मलयबम्म' कविता सुवानन्ददासको भन्दा पनि पुरानो मानिएको भए पनि विषयवस्तु प्रस्तुतीकरणका आधारमा वीरकालीन काव्य धाराको पहिलो कविता 'पृथ्वीनारायण' र पहिलो कवि सुवानन्ददासलाई नै प्रामाणिक रूपमा मानिएको छ ।

### ३.२.२ **सुवानन्ददास**

आजसम्म फेला परेका कविहरूमा सर्वप्रथम नेपाली कवि हुने श्रेय सुवानन्ददासलाई प्राप्त छ । यिनी को हुन् भनेर चिनाउने जानकारीको अभाव छ । यिनको उपलब्ध एक कविता बाहेक अन्य कुनै परिचायक देखापरेको छैन । यही कविताबाट कविको परिचय खोतल्दा कविको नाम पनि कविताबाट टिपिएको हो भन्ने थाहा पाइन्छ । यिनको नामबारे विद्वान्हरूको एकमत नभएर मतभिन्नता रहेको छ । कवि सुवानन्दको कविताबाट नै उनी 'नुगा' का निवासी हुन् भन्ने बुझिन्छ (बन्धु, २०६० : १५३) ।

नेवार जातका सुवानन्ददास आर्थिक दृष्टिले साह्रै विपन्न र परिवारविहीन एक्लो व्यक्ति थिए । अति गरिब भएकाले जिउ धान्ने अन्न र छोप्ने कपडा जुटाउन

गाह्रो भएको, शारीरिक अवस्था पनि राम्रो नभएकाले कुनै काममा पनि नियुक्ति नपाएको भन्ने तथ्य उनको कविता 'पृथ्वीनारायण' मा उनले बताएका छन्, जस्तै :

काम करुँ दाहि नाहि बतयेको कर्म नाहिं
ठंण्डिसं वस्त्रा नाहि राजैभक्ति कृति
जानि लाउने सुवानन्ददास है:

(श्रेष्ठ, २०५७ : २१)

उपर्युक्त श्लोकमा सुवानन्ददासको 'पृथ्वीनारायण' कविताको श्लोक हो । यसमा पृथ्वीनारायण शाहको वीर छवि उतारिएको छ । यस कविताको उठान पृथ्वीनारायण शाहको काशीयात्राबाट आरम्भ भएको छ । कवितामा मुख्यतः युद्धसम्बन्धी कुरा, उपत्यकाको धर्मसम्बन्धी कुरा, चौदण्डी विजयका कुरा र ज्युनारका कुराहरू परेका छन् । यी सबै कुरा वा प्रसङ्गबाट कविले पृथ्वीनारायण शाहको काशी यात्रादेखि चौदण्डी विजयसम्म फिँजिएको हुँदा यसको रचनाकाल साउन १८३० मा चौदण्डी विजय र माघ १८३१ मा पृथ्वीनारायण शाहको स्वर्गवासका बीचमा कुनै समय हुनुपर्छ भनेर मानिएको छ (बन्धु, २०६० : १५४) । उनले लोकछन्दको प्रयोग गरेर कविताको सृजना गरेका छन् । उनले अधिकांश कविताका पंक्तिहरूलाई 'है:' मा टुङ्ग्याएका छन् ।

'पृथ्वीनारायण' कविताको प्राप्त रूपलाई मूल रूपका रूपमा नभएर प्रतिलिपि मानिएको छ । प्रतिलिपि अशुद्ध त्रुटिसमेत भएकाले पूरै कविताको अर्थ लाग्दैन । पूरै अर्थ नलागे पनि यो कविता वीरधाराको सशक्त रचनाका रूपमा रहेको छ ।

यस 'पृथ्वीनारायण' कविताको बनोट हेर्दा यसको रचना 'कवित्' छन्दमा भएको छ । यसमा अनुप्रास, उपमा, रूपक जस्ता अलङ्कारको पनि राम्रो प्रयोग भएको छ ।

वीरकालमा साना-साना बाइसी-चौबीसी राज्य थिए । ती राज्यहरूलाई एकीकरण गरी नयाँ नेपाल निर्माण गर्ने काम पृथ्वीनारायण शाहको सोच र वीरताले गऱ्यो । तत्कालीन कविहरूको देशभक्तिको उर्लदो स्वरसँगै पृथ्वीनारायण शाहको विजय सफल हुँदै गयो । पृथ्वीनारायण शाहको दूरदर्शिताले गर्दा एकीकरण पछि प्रजाबाट उनले पूरा सहयोग, सद्भावना र सहानुभूति सहजै प्राप्त गर्न सके र विजय कार्यक्रमको लागि चेतनाको शङ्खघोष गर्न सके (श्रेष्ठ,

२०४१ : ७) । पृथ्वीनारायणको वीरत्वको सम्मान कदर गर्ने कविहरूले आफ्नो कर्तव्य सम्झे ।

सुवानन्ददासले 'पृथ्वीनारायण' कवितामा इतिहास सम्मत घटनाहरूलाई कलात्मक रूपमा प्रस्तुत गरेका छन् । उनले पृथ्वीनारायण शाहको एकीकरण अभियान, काशीयात्रा, धार्मिक एवं सांस्कृतिक, ऐतिहासिक आदि विभिन्न पक्षहरूको वर्णन यथार्थपरक ढङ्गमा गरेका छन् । कविले तत्कालीन आफू बाँचेको परिवेशको चित्रण आफ्ना कवितामा उतारेका छन् । सुवानन्ददासले तत्कालीन प्रतापी राजाको मात्र नभएर तत्कालीन समय-परिवेशको समेत जिउँदो रूपमा उभ्याइ आफ्नो कविता 'पृथ्वीनारायण' मार्फत प्रस्तुत गर्न सफल बनेका छन् ।

### ३.२.३ शक्तिवल्लभ अर्याल

शक्तिबल्लभ अर्याल प्राथमिक कालका वीरधाराका महत्त्वपूर्ण कवि हुन् । यिनी लक्ष्मीनारायण अर्यालका छोरा थिए । यिनको जन्म मिति हालसम्म पनि प्राप्त छैन । शक्तिवल्लभ अर्याल वीरकालीन काव्य परम्परामा सुवानन्द दासपछिका कवि प्रतिभा हुन् । यिनको सर्वप्रथम नेपाली साहित्यमा शास्त्रीय छन्दको प्रयोग गर्ने कविका रूपमा महत्त्वपूर्ण स्थान रहेको छ । उनी पृथ्वीनाराण शाहदेखि लिएर रणबहादुर शाहसम्मका तीन पुस्तामा दरबारमा राजपुरोहित भएर काम गरेका थिए । शक्तिवल्लभ अर्याल बहुमुखी प्रतिभाका धनी थिए । यिनमा साहित्य संगीत, कला, राजनीति, संस्कृतिका ज्ञाता, कुशल कर्मकाण्डी ज्योतिष आदिको अथाहा ज्ञान थियो । यिनले नेपाली साहित्यको पद्य तथा गद्य क्षेत्रमा निकै योगदान पुऱ्याएका छन् । यिनलाई नेपाली भाषाका प्रथम नाटककार र हास्यव्यङ्ग्यकार हुने मौका प्राप्त भएको छ (उपाध्याय, २०४९ : ३३) । शक्तिवल्लभ अर्याल संस्कृतका विद्वान भएकाले उनले धेरैजसो कृति संस्कृतमा लेखेका छन् । 'हास्यकदम्ब' र 'महाभारत विराटपर्व' भने नेपाली भाषामा लेखिएका महत्त्वपूर्ण कृतिहरू हुन् ।

शक्तिवल्लभ अर्यालको हालसम्म प्राप्त एक मात्र कविता 'तनहुँ भकुण्डो' हो यस कवितामा कसरी साम, दाम, दण्ड र भेद प्रयोग गरी तनहुँलाई आफ्नो कब्जामा लिई एकीकरण अभियानको उद्देश्य पूरा गर्ने भन्ने बारेमा कुटनीतिपरक भाषाशैलीको प्रयोग भएको छ, जस्तै :

मंत्रि सागर षनाल छ बाला
पाँचको छ सब गान्तिन चाला ।
काल जैसि षरिदारत राला
तेस ढंग तनहुँ कति षाला ॥१॥

(श्रेष्ठ, २०५७ : १६)

'तनहुँ भकुण्डो' कविता बाहेक शक्तिवल्लभ अर्यालका कृतिहरूमा 'पुपश्चरणचातुर', 'जयरत्नकारनाटक', 'हाँस्यकदम्व', 'ललितमाधव', 'सुधातंरगिनी', 'दानप्रकाश', 'इन्द्रध्वजोत्स' र 'महाभारत विराटपर्व' प्राप्त भएका छन् (श्रेष्ठ, २०५७ : १४) । शक्तिवल्लभको 'तनहुँ भकुण्डो' शीर्षक कवितामा श्लोकहरू स्वागता छन्दमा आबद्ध छन् । हालसम्म फेला परेका कविताहरू मध्येमा यो कविता नै संस्कृतको शास्त्रीय छन्दमा लेखिएको पहिलो कविता हो (बन्धु,२०६० : १५६) । यस कवितामा अन्त्यानुप्रासको प्रयोग ज्यादै माझिएको किसिमबाट गरिएको छ ।

'तनहु भकुण्डो' कविताको मुख्य कथ्य वीरता हो । सम्पूर्ण कविताको स्तुति साहसिलो ढङ्गमा भएको छ । यस कविताको पहिलो श्लोकमा गुमेको तनहुँ र दोस्रोमा तनहुँको स्थायी विजय कसरी गर्न भन्ने उपाय बताइएको छ । तनहुँलाई आधार बनाएर यस कविताको रचनाकाल वि.सं. १८३९ मा हुनुपर्छ भन्ने अनुमान गरिएको छ । यस कविताको अभिव्यक्ति सरल शैलीमा भएको छ । संस्कृत शब्दद्वारा बोझिलो नबनाएर सरल शैलीमा यसको रचना गरिएको छ । प्रतीकात्मकता र अर्थगाम्भीर्यताले पनि यस कविता भरिभराउ भएको छ ।

वीरकालीन काव्यमा सबैभन्दा छोटो र स्वादिलो कविता पनि 'तनहुँ भकुण्डो' हो । यस कवितामा वीरहरूका उत्साह तीव्र पारी शत्रु पक्षको तेजोवध गर्ने व्यङ्ग्यको सफल प्रयोग गरी नेपाली साहित्यमा शक्तिवल्लभ अर्यालले प्रथम हास्यव्यङ्ग्य स्रष्टाका रूपमा आफ्नो स्थान सुरक्षित गरेका छन् । अर्यालले एकीकरण अभियानको वर्णन ओजपूर्ण शैलीमा गरेका छन् । सम्पूर्ण कविताको प्रस्तुति साहस र उत्प्रेरक ढङ्गमा भएको छ । शक्तिवल्लभ अर्यालको कवि व्यक्तित्वलाई हेर्दा उनी राजदरबारको राजनीतिलाई राम्ररी बुझेका संस्कृतका विद्वान र हास्यव्यङ्ग्यलाई नाटक र कवितामा सफलताका साथ प्रयोग गर्ने कुशल शिल्पीका साथै सङ्गीत, कला र ज्योतिषको ज्ञानी प्रख्यात कवि थिए ।

### ३.२.४ **उदयानन्द अर्याल**

प्राथमिक कालका वीरकालीन कविहरूमध्ये उदयानन्द अर्याल विशिष्ट कविका रूपमा रहेका छन् । उनी वीरधाराका प्रतिभाशाली कवि लेखक थिए । विश्वेश्वर अर्यालका छोरा, शक्तिवल्लभ अर्यालका भतिजा पर्ने उदयानन्द अर्याल सप्तरीको वैरवा भन्ने ठाउँमा बसोवास गर्दथे (श्रेष्ठ, २०५७ : १७) । यिनको जन्म तथा मृत्यु कहिले भएको हो हालसम्म पत्ता लगाउन सकिएको छैन ।

हालसम्मको सोधखोजबाट ज्ञात भएअनुसार उदयानन्द अर्याल नेपाली साहित्यका त्यस्ता पहिला कवि हुन् जसले फुटकर कविता वाहेक खण्डकाव्य र महाकाव्यको पनि रचना गरेका छन् । कविताको ठूलो रूप महाकाव्य र खण्डकाव्य समेतरचना गरेर उनले आफूलाई समर्थ कवि प्रमाणित गरे तापनि यिनको चिनारी गराउने पर्याप्त सामग्री उपलब्ध छैन (बन्धु, २०६० : १५७) । उनका बारेमा स्पष्ट हुनको लागि उनले रचना गरेको 'कुलवर्णन' मा उनले आफ्ना वंशका साथै आफ्नो आत्मपरिचय दिएका छन् ।

उदयानन्द अर्यालले ऐतिहासिक विषयवस्तुको ग्रहण गरी राष्ट्रियता एवं सांस्कृतिक दृष्टिकोणका साथै वीरताको वर्णन गरेका छन् । अर्यालले 'पुरानु वातको अर्जी' कवितामा राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको वीरताको वर्णन गरी प्रतापसिंह शाह र बहादुर शाहको पालामा भएका घटनाहरूको वर्णन गरेका छन् । कवि उदयानन्द अर्यालको वीररस प्रधान 'पुरानुब्रातको अर्जी' कविताबाट एउटा श्लोक यहाँ प्रस्तुत गरिएको छ :

> च्यात्छन् आड कुँढा सुँडा र षुकुरी सम्सेरका रङ्गमा
> भाग्या गै तन्हौं वहाल रणमा फत्यै भयो जङ्गमा
>
> (श्रेष्ठ, २०५७ : २१)

उदयानन्दको रचनाहरूमा २६ श्लोकको 'पुरानु वातको अर्जी' एघार श्लोक कुलवर्णन कविता र हात्ती मर्दा लेखिएको एउटा फुटकर श्लोक मात्र प्राप्त छन् । हाल यिनका नाममा 'बेतालपचीसी, खण्डकाव्य र 'पृथ्वीन्द्रोदय' महाकाव्य पनि जोडिन आएका छन् (बन्धु, २०६० : १५८) । खण्डकाव्य र महाकाव्यको प्राप्तिले उदयानन्दलाई एउटा सशक्त कविका रूपमा स्थापित गरेको छ ।

उदयानन्दको ‘पुरानुबातको अर्जी’ वीरधाराको कविता हो । यस रचनामा कविले श्री ५ पृथ्वीनारायण शाहदेखि रणबहादुर शाहसम्म तीन पुस्ताको वीरगाथा गाएका छन् । यिनले कवितामा प्रतापसिंहको पालामा भएको कविलासपुर युद्धका साथै बहादुर शाहको नायवीमा भएको बाइसी-चौबीसी युद्धको वर्णन गरेका छन् । कविले श्री ५ पृथ्वीबहादुर शाह, प्रतापसिंहको सुशासक छविलाई सामुन्ने ल्याउने प्रयास गरेका छन् (बन्धु, २०६० : १५८) । जसमा यी तीनै राजाको वीरताको वर्णन गरेका छन् ।

खोज-अनुसन्धानबाट उदयानन्दले रचना गरेका थुप्रै काव्यकृतिहरू फेला परेका छन् । तीमध्ये महत्त्वपूर्ण कृतिहरू यसप्रकार रहेका छन् :

‘पुरानुबातको अर्जी (वि.सं. २०४३ तिर), ‘पृथ्वीन्द्रोदय (वि.सं. ८७० पूर्व), ‘बेतालपचीसी’ (वि.सं. १८७२), वंश वृत्तान्त (वि.सं. १८९१), ‘दु:स्वप्न दोषहरस्तोत्र’ (वि.सं. १८९१) र अन्य फुटकर कविताहरू छन् (बन्धु, २०५७ : १५) । यसरी खण्डकाव्यदेखि महाकाव्यसम्मको रचना उनले गरेका छन् ।

यसरी उदयानन्द अर्यालको कवि व्यक्तित्वलाई अध्ययन गर्दा उनी राष्ट्रियता र वीरताप्रति आस्था राख्ने कवि थिए । उनले तत्कालीन राजनीतिक, आर्थिक र सामाजिक विषयका साथै एकीकरण अभियानको चित्रण यथार्थ स्पष्ट रूपमा गरेका छन् । उनले प्रस्तुत गरेका तत्कालीन युग चेतना र सामाजिक चेतनाको अभिव्यक्ति उनका रचनामा प्रष्ट भेटिन्छ ।

उनले कवितामा तत्कालीन न्याय व्यवस्थालाई देखाउने क्रममा पौराणिक राजाहरूको न्याय व्यवस्थालाई आदर्श मानेर उनले तत्कालीन न्याय व्यवस्थासँग समीकरण गरेका छन् । घर-घरका झगडाका कुरा, कुरा काटेर हिँड्ने, खराब प्रवृत्ति, अरूको कुभलो गर्ने खराब मन आदि प्रवृत्ति कवितामा उल्लेख गरेर समाजका सुक्ष्म अति सुक्ष्म पक्षको पनि चित्रण गरेका छन् । उनी संस्कृत र नेपाली भाषाका ज्ञाता पण्डित एवं ज्योतिष पनि थिए । उदयानन्द अर्याललाई वीरधाराका एक अग्रीम प्रतिभा सम्पन्न एव सर्वश्रेष्ठ कविका रूपमा मानिएको छ ।

### ३.२.५ सुन्दरानन्द बाँडा

वीरकालीन काव्यमा सुन्दरानन्द बाँडाको नाम पनि अग्रपंक्तिमा सुरक्षित रहेको छ । सुन्दरानन्द बाँडाको जन्म ओकुँबहाल (रुद्रवर्ण महाविहार) मा भएको

थियो । उनको जन्म मिति तथा मृत्यु भएको साल अहिलेसम्म पत्ता लाग्न सकेको छैन । यिनले नामको पछाडि बाँडा पण्डित लेख्दथे । बाँडा शब्दले यिनको जन्म नेवारी भाषाभाषी बौद्ध पुरोहित खलकमा भएको हो भन्ने जनाउँछ (श्रेष्ठ र शर्मा, २०५६ : ३०) । पण्डित शब्दले यिनी बहु पठित हुन् भन्ने जनाउँछ ।

सुन्दरानन्द बाँडालाई संस्कृतका कोशकाव्य पढेका तन्त्र, पुराण भन्न सक्ने, संस्कृत नेपाली नेवारी तीन भाषामा कलम चलाउने र हिन्दीमा पनि कलम चलाउन उत्सुक, वंशावली तथा काव्यका रसिक, भारदारहरू कहाँ आवतजावत भएका, व्यवहार चतुर पुरुष भनेर उभ्याइएको छ, तर यिनको जीवन परिचय दिने खास जानकारी प्राप्त छैन (बन्धु, २०६० : १६२) । तर उनलाई संस्कृत, नेपाली, नेवारी र हिन्दी भाषाका ज्ञाता प्रतिभाशाली कविका रूपमा लिइएको छ ।

सुन्दरानन्द बाँडाले लेखनलाई व्यवसाय बनएको प्रमाण माथवरसिंहका आज्ञाले शिलालेख सार्ने काम गरेको र भीमसेन थापाका आज्ञाले पुस्तक लेख्ने काम गरेकाबाट ज्ञात हुन्छ । यिनको बहादुर शाह, माथवरसिंह, भीमसेन थापा आदिसँग राम्रो पहुँच भएको देखिन्छ, तर पनि यिनले आफूलाई सदा नै दुःखी दरिद्र देखाएका छन् (बन्धु, २०६० : १६३) । सदा राज्यबाट सहयोगको अपेक्षा गरेका छन् । सुन्दरानन्द बाँडाका उपलब्ध कृतिहरू यसप्रकार रहेका छन् :

'बहादुरशाहवर्णनम,' 'त्रिरत्नसौन्दर्यगाथा,' 'अध्यात्मरामायण,' 'दुई गीति कविता,' 'लोकनाथ सुन्दराष्टक,' 'व्याघ्रभैरव,' 'घ्रनसुन्दराष्टक,' 'कुलरत्नपञ्चाल,' 'आनन्द सुन्दराष्टक,' 'चैतन्यराज,' 'सुन्दरस्तव,' 'त्रिरत्नसुन्दरषोडसी' आदि ।

यी कृतिहरूमा सुन्दरानन्दले विशेष गरि कन संस्कृतमै कलम चलाउने कार्य गरेका छन् । यिनी बौद्धमार्गी भएर पनि अध्यात्मरामायण अनुवाद गरेका थिए । यसबाट सुन्दरानन्द बाँडामा धार्मिक सहिष्णुता व्यापक रूपमा रहेको अनुमान गरिएको छ ।

नेपाली कवितातर्फ सुन्दरानन्द बाँडाको दुई नेपाली श्लोकहरू 'बहादुरशाहवर्णनम्' मा पाइन्छ, जसलाई 'आशानदी' शीर्षक दिइएको छ । वि.सं. १८३५-१८५० का बीचमा यिनले बहादुर शाहलाई चढाएको श्लोकमय विन्तीपत्रको नेपाली अशं 'आशानदी' वीरधाराको रचना हो । 'आशानदी' मा बाँडाले मालिकको

स्तुति गाएका छन् तापनि यसले वीरगाथाको परम्परालाई बोकेको छ । यसमा वीर बहादुर शाहको प्रशंसा गजेन्द्रलाई मोक्ष गराउने हरिका समकक्ष तुल्याएर गरिएको छ । उनको सम्पर्क तत्कालीन नायक बहादुर शाह माथवरसिंह, भीमसेन थापा आदिसँग भए पनि उनको आर्थिक अवस्था कमजोर नै देखिएको छ । उनले तत्कालीन राजा र नायकहरूसँग आफ्नो बिन्ती यसरी कवितामार्फत चढाएका छन् :

साहेव अर्जि सरण् परोस् मनमहाँ दुःखी गरिप् दीन हुँ
ग्राहारूप दरिद्रसैं मकन ता उद्धागरीबक्सन्या ॥

(बन्धु, २०६० : १६३)

यसरी सुन्दरानन्द बाँडाको कवित्वको आधारमा उनको कवि व्यक्तित्वबारे सामान्य अनुमान गर्न सकिन्छ । यिनको अध्ययन र ज्ञानको सीमा विस्तृत थियो र यिनले 'अमरकोष रघुवंश', 'भतृहरिशतक', 'भोजप्रबन्ध' र 'महाभारत' लगायतका तन्त्र विषयक पुराणका पुस्तकहरू समेत अध्ययन गरेका थिए । यिनको साहित्यिक व्यक्तित्व, प्राज्ञिक व्यक्तित्व, अध्ययनशील व्यक्तित्वलाई ध्यानमा राखेर हेर्दा सुन्दरानन्द बाँडा पुराण भन्न सक्ने, संस्कृत, नेपाली, नेवारी तीन भाषामा कलम चलाउने र हिन्दीमा पनि कलम चलाउन उत्सुक, वंशावली काव्यका रसिक हुनुको साथै आफ्नो समयका सक्रिय साहित्यकारका रूपमा रहेका थिए ।

### ३.२.६ राधावल्लभ अर्याल

कवि राधावल्लभ अर्याल लक्ष्मीनारायण अर्यालका छोरा तथा कवि शक्तिवल्लभ अर्यालका भाइ थिए । यसबाट उनी सम्पन्न उच्च खान्दानी परिवारका व्यक्ति थिए भन्ने ज्ञात हुन आउँछ । यिनी गोर्खा दरबारका राजपुरोहित थिए । विद्वान धर्मात्माहरूमा उनी श्रेष्ठ थिए । कवि राधावल्लभ अर्याल शिवभक्त थिए र धमात्माहरूको भलो हुने काम गर्दथे । यिनले वि.सं. १९६९ मा गोर्खाको पोखरीथोकमा राधावल्लभेश्वर महादेव मन्दिरको स्थापना गरेका थिए भने वि.सं. १८६९ मै पशुपतिनाथको मन्दिरमा सुनचाँदीको ढोका राख्न छ हजार रुपयाँको सङ्कल्प गरेका थिए र १८६९ मै आर्यघाटमा देह त्याग पनि गरेका थिए (बन्धु, २०६० : १६४) । यसरी धर्मकर्ममा उनको विशेष झुकाव थियो ।

वीरकालीन काव्यपरम्परामा पशुहरूले महत्त्वपूर्ण स्थान पाएका छन् । उनको 'साँढ्याको कवित्' भन्दा अघि पशुपंक्षीलाई कवितामा प्रवेश गराइएको पाइँदैन । कवि राधावल्लभ अर्यालले साँढेलाई प्रतीकका रूपमा प्रस्तुत गरी एकीकरणका नायकहरूलाई प्रतीक बनाएको हुँदा वीरकालीन कविता काव्यले नयाँ परम्परा जन्माएको हो । यस काव्य परम्परामा राधावल्लभ अर्याल वाहेक अन्य दुई कवि देखा पर्दछन् । उनीहरूले पनि साँढेको कविता रचना गरेका छन् । विषयवस्तु र प्रस्तुतिमा साम्यता देखिए तापनि रचनाकारबारे केही भन्न सकिने स्थिति हालसम्म पनि छैन । विषयवस्तु प्रस्तुतीकरण र भाषाशैली राधावल्लभको कवितासँग मिल्ने हुँदा साँढ्याको अन्य कवित्त राधावल्लभ समकालीन कविहरूले रचना गरेको अनुमान गरिएको छ । नेपाली ठेट शब्द माले, तिल्के, तारे, नुवाकोटे, लगनटोले, पुँवाले आदि नामले साँढेहरूको वर्णन गरिएको छ । कविले यस कवितामा साँढेलाई मानवीकरण गरेका छन् ।

राधावल्लभका 'साँढ्याको कवित्' शास्त्रीय छन्दमा नरचिएर लोकलयको कवित्त ढाँचामा लेखिएको छ । यसमा शुद्ध नेपाली भाषाको मात्र प्रयोग नभएर ब्रज अवधि मिश्रित भाषाको प्रयोग भएको छ (बन्धु, २०६० : १६६) । यो कविता ठाउँ-ठाउँमा अश्लीलतातिर पनि ढल्केको छ, तर पनि यस कवितामा राधावल्लभ यथेष्ट वर्णन शक्ति र कल्पनाशक्ति भएका कविका रूपमा देखापरेका छन् ।

इतिहास शिरोमणि बाबुराम आचार्यले कवि राधावल्लभ अर्याल कविता लेख्ने गर्दथे र उनका कविताहरू थोरै छन् भनेर लेखका छन् । राधावल्लभको 'माले साँढेको' कविताबाहेक अन्य कविता प्राप्त भएका छैनन् । नेपाली भाषामा एउटा मात्र कवित् लेखे तापनि संस्कृत भाषामा उनले तीनवटा कृतिहरू लेखेका छन् (श्रेष्ठ, २०५७ : ४३) । संस्कृत भाषामा लेखिएका उनका कृतिहरूमा 'राजराजेश्वरीकवज,' 'उद्धवदूतकाव्यम्,' र 'संस्कृतमञ्जरी' रहेका छन् ।

राधावल्लभ अर्यालको 'साँढ्याको कवित्' मा बलिया-बलिया साँढेहरूको रोमाञ्चपूर्ण जुधाइ वा युद्धको वर्णन गरिएको छ । वर्णन जीवन्त छ र बडो सचित्र पनि रहेको छ । यसमा साँढेका रूपमा वीरको र साँढे जुधाइका रूपमा वीरताको अद्‌भूत वर्णन छ । यस कविताको मूल विषयवस्तु लडाइँ, भिडन्त र शाहस नै रहेको

छ । मानव योद्धाका ठाउँमा साँढे योद्धा हुनु यस कविताको विशेषता हो । कविले यस कवितामा वीर र वीरताको उद्‌भूत वर्णन यसरी गरेका छन् :

तेरे जोर जगत्रः जाँनै हटै दंति येक मत्ताः
भादगाउल्या सहितः रहै विर पाँच् पाँडव जस्ता ॥

(श्रेष्ठ, २०५७ : ४४)

यसरी राधावल्लभ अर्यालले साँढेहरूको लडाइँको ओजपूर्ण सजीव वर्णनमा उनको काव्य क्षमता अभिव्यक्त गरेका छन् । 'साँढ्याको कवित्' लाई हेर्दा यिनले परम्परा रुपविधानअनुसार नै वर्ण-पद तथा पदावली र वाक्यविन्यासलाई अँगालेका छन् । त्यसैले शैलीशिल्प मात्रै नभएर विषयवस्तुका दृष्टिले पनि यी कवित्‌हरूलाई नेपाली साहित्यको सांस्कृतिक पुरातात्विक निधि मानिएको छ । यस्तै गरी राधावल्लभले मानववेतर पात्रको प्रयोग गरी कवितालाई हास्य र व्यङ्ग्यको प्रयोगले उत्कृष्ट पारेका छन् ।

### ३.२.७ रामभद्रपाध्या रेग्मी

रामभद्रपाध्या रेग्मीका बारेमा आजसम्म प्रामाणिक परिचय केही पनि पाइएको छैन । यस नामका अरू दुईजना लेखक वीरकालमा देखिएका छन् । जे भए पनि 'बंधुबिनपराष्टकं' लेख्ने रामभद्रपाध्या रेग्मीको जन्म वि.सं. १८०० तिर भएको अड्कल गरिएको छ (श्रेष्ठ, २०५७ : ६८) । यिनी करुणाकर उपाध्यायका छोरा थिए । उनलाई संस्कृत र नेपाली भाषाको पूर्ण ज्ञान थियो । संस्कृतको ज्ञाता रामभद्रको वि.सं. १८३६ मा संस्कृतमा लेखिएको 'प्रशस्तिरत्नम' र वि.सं. १८५१ मा नेपाली गद्यमा उल्था गरिएको 'लक्ष्मीधर्मसंवाद' प्राप्त भएको छ (श्रेष्ठ र शर्मा, २०५६ : ३१) । रामभद्रपाध्या रेग्मीको 'बंधुबिनपराष्टकं' आठ श्लोकको छ । यसको विषयवसतु 'लक्ष्मीधर्मसंवाद' सँग मिल्ने हुँदा यसको रचना वि.सं. १८५१ तिर भएको अनुमान विद्वान्‌हरूले गरेका छन् ।

रामभद्रको 'बंधुबिनपराष्टकं' र 'लक्ष्मीधर्मसंवाद' दुवैको विषयवस्तु 'बधुशिक्षा' हो । 'लक्ष्मीधर्मसंवाद' को विषयवस्तुले भानुभक्तको 'बधुशिक्षा' को हेक्का दिन्छ भने 'बंधुविनपराष्टकं' ले भानुभक्तलाई 'बधुशिक्षा' लेख्ने प्रेरणा दियो होला भन्ने अनुमान गरिएको छ (बन्धु, २०६० : १६७) । यी दुवैको विषयवस्तु लगभग एउटै प्रकारको छ ।

रामभद्रपाध्या रेग्मीले 'बंधुबिनपराष्टकं' कवितामा तत्कालीन सामाजिक मूल्य मान्यतामा बढी जोड दिएका छन् । यसमा उनले नीति काव्यका विशेषताहरू दिएका छन् । यस कवितामा शार्दूलविक्रीडित र मालिनी छन्दको प्रयोग गरिएको छ । कविले अर्ती उपदेश दिँदा आदेशात्मक शैली अपनाएका छन् । सीप भएमा सबैले स्यावासी दिन्छन्, मातापिताको पनि नाम रहन्छ । मन लगाएर कम गर्नु, लाजगाल भयले मनलाई नियन्त्रित गर्नु, आफ्नो घरको काम गरी मान्यजनको भक्ति गर्नु आदि किसिमले बधुले पालना गनुपर्ने नैतिक सामाजिक उपदेश दिइएको छ । यस कवितामा तत्कालीन सामाजिक आचरण तथा सांस्कृतिक मूल्य अङ्कित छ । यस्ता रचनाहरूलाई अहिलेको परिवर्तित पृष्ठभूमिमा राखेर होइन तत्कालीन मानसिकतामा राखेर हेर्नु उपयुक्त हुन्छ (श्रेष्ठ, २०५७ : ६८) । उनले वीरतालाई मात्र विषयवस्तु नबनाइ सामाजिक मूल्यलाई समेत कवितामा समावेश गरेका छन् । नीतिवादी चेतना पाइने यिनका रचनामा सामाजिक, सांस्कृतिक र नैतिक दृष्टिकोण भेटिएको छ । बुहारीहरूका दैनिक क्रियाकलापहरूको वर्णनमा आधारित 'बधुविनपारष्टकं' कविता बुहारीहरूलाई नैतिक शिक्षा दिने उद्देश्यद्वारा प्रेरित छ । कविले 'बधुविनपराष्टकं' काव्यमा सामाजिक मूल्य मान्यता नैतिकता सङ्केत कवितामा यसरी गरेका छन् :

वुभिकन भर पर्नु गालदेखि प डर्नू
रससित मनहर्नू दुष्टका दूर सर्नू ॥
(श्रेष्ठ, २०५७ : ६९-७०)

कविले 'बंधुविनपराष्टकं' का श्लोकहरूमा संस्कृतका विभिन्न छन्दको प्रयोग गरेका छन् । श्लोकहरूमा नेपाली शब्दको प्रयोग गरी सरल ढङ्गमा लेखिएको छ । शिक्षा दिने ढङ्गमा लेखिएका श्लोकहरूमा कवितात्मकताभन्दा बढी वर्णनात्मकता छ । यसरी रामभद्रपाध्या रेग्मीले वीरकालीन समयावधिमा सामाजिक भावधाराका कविता सर्जना गरेका छन् ।

### ३.२.८ गुमानी पन्त

पं. देवीदत्त पन्तका छोरा गुमानी पन्तको वास्तविक नाम लोकरत्न पन्त थियो । यिनको जन्म तत्कालीन नेपालको कुमाऊँमा भएको थियो । यिनको बाल्यकाल आफ्ना बाजे पं. पुरुषोत्तम पन्तको रेखदेखमा बित्यो (श्रेष्ठ, २०५७ : ७१) । बाजेले यिनलाई माया गरेर 'गुमानी' भन्ने गर्दथे । यो नाम नै कालान्तरमा यिनको

बोलाइने र साहित्यिक नाम बन्न पुग्यो । उनले बाजे र बाबुबाट घरमा नै सामान्य संस्कृत शिक्षा प्राप्त गरेका थिए ।

गुमानी संस्कृत र हिन्दीका प्रकाण्ड ज्ञाता र विद्वान थिए । यिनले हिन्दी साहित्यमापहिलो कवि हुने श्रेय सम्मान प्राप्त गरेका छन् । यिनको कवि प्रतिभा टाढा-टाढासम्म फैलिएको थियो भन्ने कुरा यिनले भारतका विभिन्न राजा रजौटाबाट आदर पाएको तथ्यबाट बुझिन्छ (बन्धु, २०६० : १६९) । यिनले संस्कृत हिन्दी बाहेक कुमाऊँनी र नेपालीमा कविता लेखेका छन्, तर यिनी संस्कृत र हिन्दीकै समर्थ कविका रूपमा रहेका छन् । यिनले विभिन्न विषयमा दुई दर्जनभन्दा बढी कृतिहरू लेखेका थिए । उनका कृतिहरू यसप्रकार छन् :

'रामनामपंचपंचासिका,' 'राममहिमावर्णन, 'गंगाशतक,' जगन्नाथाष्टक' (कृष्णाप्टक), 'रामसहस्रगणदंडक,' 'चित्रपदावली,' 'राममहिमन,' 'रामाष्टक,' 'कालि-काष्टक', 'रामविषयभक्तिविज्ञातिसार,' 'तत्त्वविनोदिनीपंचपंचासिका,' 'नीतिशतक,' 'शतोपदेश,' 'नैषद्य काव्य,' 'सत्रञ्जाष्टकम', गञ्जिफक्रीडापद्धति,' तिथिनिर्णय,' 'आशौचनिर्णय,' 'आचारनिर्णय,' 'गुमानी नीति, 'गुमानीविरचित,' 'काव्यसंग्रह,' 'रामविषय विज्ञप्तिसार' र 'ज्ञानभैषज्यमंजरी' आदि (श्रेष्ठ, २०५७ : ७१) । गुमानी पन्तले अल्मोडा नेपालको भएपछि कविता लेखका हुन् । बहादुर शाहको मुख्तियारी काल (१८४२-१८५२) र भीमसेन थापाको काल (१८६३-१८९६) गरी दुई पटक नेपाली फौजले अल्मोडामाथि हमला गरेको थियो । यिनै आक्रमणको फलस्वरूप हुन गएको सम्पर्क एवं अनुभवका आधारमा गुमानीले नेपालीमा कविता लेखेको बुझिन्छ (बन्धु, २०६० : १६९) । यिनै घटनाको कारण उनी कविता लेख्नतिर लागे ।

गुमानी पन्तको स्वभाव विचित्रको थियो । उनले २४ वर्षसम्म शिक्षा आर्जन गरे र उनको विवाह भयो, तर १२ वर्षसम्म ब्रह्मचार्यमा रहने अठोट गरी अन्ततः उनले त्यसलाई पूरा गरेर छाडे (श्रेष्ठ, २०५७ : ७१) । पन्त वीरकालीन कविता परम्परामा फुटकर कविता लिएर देखा पर्दछन् । उनले नेपाली कविता काव्यमा व्यङ्ग्य प्रधान फुटकर कविता रचना गरेका छन् । पन्तका रचनालाई कविताको विविध भेदमध्ये मुक्तकका श्रेणीमा राख्ने गरिएको छ । गोर्खाली सैनिकहरूले आफूले जितेका कुमाउँ गढवाल क्षेत्रका जनतालाई अनेक प्रकारले दुःख दिएका थिए । धन सम्पत्ति लुटेका विविध घटनाहरूको यथार्थ वर्णन कविले रोचक ढङ्गले प्रस्तुत

गरेका छन् । कवितामा नविन प्रयोग गर्ने गुमानी पन्त प्रयोगवादी कवि हुन् (उपाध्याय, २०४९ : ७०) । उनले कवितामार्फत व्यङ्ग्य पनि प्रस्तुत गरेका छन् ।

गुमानी पन्तका कविताहरू एक आपसमा सम्बन्धित देखिँदैनन् । रामायण र महाभारतसम्बन्धी पौराणिक प्रसङ्ग, भोजनको चर्चा, गोर्खाली राजाप्रतिको प्रतिक्रिया आदि विषयमा उनले यसरी कलम चलाएका छन् :

अप्ना सबै पाउ बसाखु भाई तिन् सङ्ग दुर्योधनले अथाको ॥
गऱ्यो अचाक्ली फल दुःख पायो विनाशकाले विपरीतबुद्धिः ॥

(श्रेष्ठ, २०५७ : ७४)

वीरकालीन काव्यपरम्परामा गुमानीका नेपाली श्लोकलाई वीरधाराको रचना मान्ने कि भक्ति धाराको रचना मान्ने भन्ने कुरामा विवाद रहेको छ । यस्तै श्लोकहरू पनि समस्या पूर्ति मान्ने कि नमान्ने भन्ने कुरामा पनि विवाद छ (बन्धु, २०६० : १७१) । त्यसैले उनका रचना विवादमै रहेका छन् ।

गुमानी पन्तका कविताका श्लोकहरूमा वीरधारा स्तुतिमयकका ठाउँमा व्यङ्ग्यात्मकता पाइन्छ र भक्तिधाराको भक्तिपरकता नभएर देवीदेवताका नाम उल्लेख मात्र रहेका छन् । यिनलाई यस कालको वीरधारासँग नजोडी यस चरणका एक विनोदी कविका रूपमा ठाउँ दिनु महत्त्वपूर्ण रहेको छ ।

गुमानीका नेपाली श्लोकहरूमा कुनै पनि साहित्यिक विशेषता पाइँदैन । त्यसैले यिनका श्लोकहरू विनोदपूर्ण क्षणका रचनाजस्ता रहेका छन् । यिनले शुद्ध नेपाली भाषाको प्रयोग नगरी वर्णशङ्कर नेपाली भाषाको प्रयोग गरेका छन् । यिनको सबैभन्दा ठूलो महत्त्व संस्कृतका कवि र कुमाऊँनी भाषाभाषी भएर पनि नेपालीमा कविता लेख्नु हो (बन्धु, २०६० : १७१) । यिनको मृत्यु १९०३ मा भएको थियो ।

### ३.२.९ लक्ष्मीनारायण

विक्रमको अठारौँ शताब्दीको झण्डै अन्तिम दशकमा लक्ष्मीनारायण नाम गरेका करिब आधा दर्जन व्यक्तिहरू रहेका थिए, जुन यसप्रकार छन् :

१७८३ 'गीतगोविन्द' का प्रतिलिपिकार, १९४६ मा मनोहर शर्माको श्रुतबोधका टिकाकार, कवि शक्तिवल्लभ अर्यालका पिता, १८५० मा वाणेश्वर महादेवको स्थापनाकार लक्ष्मीनारायण, १८५८ मा 'महाज्ञान मुद्राकथाहा' का

प्रतिलिपीकार र १८७३ पूर्व हरिश्चन्द्रविलाप लेख्ने लक्ष्मीनारायण व्यक्तिरू लक्ष्मीनारायणका नाममा रहेका व्यक्तिहरू हुन् ।

माथि उल्लेख गरिएका ६ जना लक्ष्मीनारायणमा 'हरिश्चन्द्रविलाप' का रचयिता कुनचाहिँ लक्ष्मीनारायण हुन् भन्ने पत्ता लगाउन हालसम्म पनि कठिन परेको छ । त्यतिबेलाको समयमा शक्तिवल्लभ अर्याल, राधावल्लभ, उदयानन्द अर्याल विद्वान कवि भएकाले शक्तिवल्लभका पिता लक्ष्मीनारायणलाई यस 'हरिश्चन्द्रविलाप' कृतिका रचनाकार हुन सक्ने बताइएको छ (बन्धु, २०५७ : ६७) । जयरत्नाकर' नाटकमा उनको परिचय यसप्रकार दिइएको छ :

लक्ष्मीनारायूणोडभूद् द्विजकुलतिलको राजराजेश्रश्री
पृथ्वीनारायणेन्द्राडरुणंकरकमलै पूज्यपादारविन्दः ।

अर्थात् श्री ५ महाराजधिराज पृथ्वीनारायण शाहका कमलजस्ता हातले चरणकमल पुँजिएका ब्राह्मण कुलमा श्रेष्ठ लक्ष्मीनारायण हुनुभयो (श्रेष्ठ, २०५७ : ६७) । यसबाट लक्ष्मीनाराण आफ्ना समयमा निकै प्रभावकाशाली व्यक्तित्व थिए भन्ने ज्ञात भएको छ ।

धेरैजसो विद्वानहरूको खोज-अध्ययनबाट के पत्ता लागेको छ भने 'हरिश्चन्द्रविलाप' का रचयिता यिनै (शक्तिवल्लभका पिता) लक्ष्मीनारायणबाट भएको अनुमान गरिएको छ । 'हरिश्चन्द्रविलाप' लोकगाथाको शैलीमा लेखिएको पद्य रचना भएकाले यसमा सत्यवादी राजा हरिश्चन्द्रको गाथालाई विषयबद्ध गरिएको छ । देवताहरूको परीक्षामा उनी सफल भएको कथालाई यस कृतिमा प्रस्तुत गरिएको छ । तर कथाको प्रारम्भ भने रामचन्द्रको गाथाबाट भएको छ । वनवासको समयमा रावणद्वारा सीताको हरण भएपछि राम शोकाकुल भएको अवस्थामा ऋषिले शोक शान्त पार्न राजा हरिश्चन्द्रले पाएको कष्ट तथा दुःखको कथा सुनाउँछन् । यसरी यस कृतिमा गर्भकथाका रूपमा राजा हरिश्चन्द्रबारे पौराणिक आख्यानको पद्यमय प्रस्तुति गरिएको छ, जस्तै :

बाबा हरिचंद्र माता मदयन्ति हात पानि नमिलि
ऐति वचन कहत रोहितास्व प्राण छुटि ॥

(श्रेष्ठ, २०५७ : १०२)

लक्ष्मीनारायणले यस 'हरिश्चन्द्रविलाप' कवितामा कवित् वा कविताकै भाषाशैलीको प्रयोग गरेका छन् । वीरकालीन काव्यपरम्परामा यस कविताले शिल्पगत चरित्र निर्वाह गरेको छ ।

### ३.२.१० **रत्नाकर पण्डित**

वीरकालीन कविता काव्य परम्परामा सर्वप्रथम 'गीत' शीर्षकमा रत्नाकर पण्डितका केही लोकलयका गीतका पङ्क्तिहरू रहेका छन् । खोजकर्ता पूर्णप्रकाश नेपाल 'यात्री' का अनुसार पण्डित १६ औँ शताब्दीको अन्त्यतिर बाजुरा जुगाडामा जन्मेका थिए । उनी डोटेल राजा सुर्तान मल्ल र रिपूमर्दन मल्लका समयमा डोटी राजदरबारमा सम्मानित थिए (श्रेष्ठ, २०५७ : १०६) । राजा सुर्तान मल्लले उनलाई आशुकविको मानपदवी दिएका थिए । १८ औँ शताब्दीको उत्तरार्धको प्रारम्भतिर उनी देखापरेका थिए । यिनी सुवानन्ददासभन्दा अघिका कवि प्रमाणित हुन्छन् । रत्नाकार पण्डितले रचेका कविताको शीर्षक 'गीत' दिएका छन् । विद्वान तथा अनुसन्धानकर्ताहरूले भविष्यमा यी रत्नाकर पण्डितका अस्तित्व र रचनाहरूबारे ठीक-ठीक तथ्य एवं सामग्रीहरू फेला पारेको खण्डमा प्रामाणिक कुरो सामन्ने आउने सम्भावना छ (श्रेष्ठ, २०५७ : १०६) र उनका रचनाहरू अझै अरू पनि फेला पर्ने सम्भावना रहेको छ ।

पण्डितको 'गीत' शीर्षकको कविताले लोकलयको गीतको ढाँचालाई समातेको छ, जस्तै :

डोटी राम्डो डंडेलधुरा अछाम राम्डो सांप्या
मान्छे राम्डो मनमिल्याको पन्छी राम्डो डाँफ्या

(श्रेष्ठ, २०५७ : ११३)

रत्नाकार पण्डितलाई वीरकालीन काव्य परम्परामा एक गीतकारका रूपमा लिएको छ । गीतको मार्फत उनले समसामयिक परिस्थितिको व्याख्या गरेका छन् ।

### ३.२.११ **लक्ष्मण कवि**

लक्ष्मण कवि वीरकालीन काव्यपरम्परामा देखापरेका महत्त्वपूर्ण कवि प्रतिभा हुन् । उनी संस्कृतका ज्ञाता हुनाले उनले संस्कृत भाषामा रचना गरेका 'कवितानिकषोपल' महत्त्वपूर्ण भएकाले प्रस्तुत कृतिले पनि वीरकालीन काव्यादर्शनको झलक दिन्छ (श्रेष्ठ, २०५७ : १०९) । युद्धकालीन परिवेशको चित्रण

यस कवितामा गरिएको छ । यस कवितामा उनले एकीकरणका अभियानकर्ता पृथ्वीनाराण शाहले कसरी कुन नीति अपनाएर विशाल नेपालको सृजना गरे । उनको हातहतियार, सैनिक उनको राजनैतिक, कुटनीतिक आदिको वर्णन यस कवितामा गरिएको छ, जस्तै :

नेपालदेशं त्रिवसुन्धरेशं पुरं च जित्वा मकवानपूर्वम् ।
विद्राव्य नावापवलं च भुमौ स चक्रवर्तित्वमितो विभाति ॥१३॥

(श्रेष्ठ, २०५७ : १३५)

पृथ्वीनारायण शाहलाई कुनै दैवी पुरुषको संज्ञा दिएर यस कवितामा उनको बहादुरिताको वर्णन उच्च तवरले गरिएको छ ।

## ३.३ निष्कर्ष

प्रस्तुत परिच्छेदमा वीरकालीन कविताको सर्वेक्षणात्मक अध्ययन गरिएको छ । नेपाली कविताको आरम्भ सुवानन्ददासद्वारा रचित 'पृथ्वीनारायण' कविता नै हालसम्मका प्रारम्भिक कविता मानिएको छ । वीरकालीन कविहरूले आफू बाँचेको समयको परिस्थितिलाई आफ्ना कवितामा उतार्ने प्रयास गरेका थिए । वीरकालीन कविताहरूमा प्रवल युग चेतना धेरै कविताहरूमा भेटिएको छ । जसमध्ये शक्तिवल्लभ अर्यालको 'तनहुँ भकुण्डो,' उदयानन्द अर्यालको 'पुरानु वातको अर्जी' र रामभद्रपाध्या रेग्मीको 'बंधुबिनपराष्टकं' कवितामा समसामयिक परिवेशको चित्रण व्यापक रूपमा गरिएको छ । वीरकालीन कविहरूले आफू बाँचेको युद्धकालीन परिवेशलाई कुनै न कुनै रूपबाट चित्रण आफ्ना रचनामा गरेका छन् र त्यही युद्धकालीन समयमा देखापरेका महत्त्वपूर्ण वीरकालीन कवि र उनीहरूको कविताको सर्वेक्षणात्मक अध्ययन यस अध्यायमा गरिएको छ । वीरकालीन कविताको युगीन प्रभावको प्रवृत्तिगत विश्लेषण र मूल्याङ्कन यस शोधपत्रको चौथो परिच्छेदमा गरिएको छ ।

# चौथो परिच्छेद

# वीरकालीन कवितामा युगीन प्रभावको विश्लेषण

## ४.१ विषय परिचय

प्राथमिककालीन नेपाली कविताको पहिलो चरण (१८२६-१८७२) वीरधारा हो । यस धारामा वीर काव्यको प्रवलता देखा पर्दछ । वीरता र विजयको गाथा गाइएका कवितालाई वीरकाव्य भनिन्छ । पहिलो चरणका कविताहरू मुख्यतः वीरकाव्य भएको हुँदा यस समयको काव्यधारालाई वीरधारा भनिएको हो । नेपाली कविताको पहिलो चरणको काल निर्धारण वि.सं. १८०१ देखि १८७२ सम्म गरिएको र यो समय नेपाल एकीकरणको र राज्य विस्तारको अवधि हो (बन्धु, २०६० : १०) । वि.सं. १८०१ को नुवाकोट विजयद्वारा एकीकरण अभियान प्रारम्भ गरिएको समय हो भने वि.सं. १८०१ देखि १८७२ को अन्तरालमा भएको सम्पूर्ण समयलाई युद्धकाल मानिएको छ ।

पहिलो चरण वीरकाल भएकाले यस अवधिका कविहरूले परिस्थितिअनुरूप कवितामा वीरहरूको प्रशंसा र स्तुति गाएका छन् । पूरै देश र समाजमा व्याप्त यस प्रवृत्तिबाट अलग्गिएर तत्कालीन कवि र कविताहरूले बस्न सकेनन् । वीरको पूजा र वीरताको अर्चना गरेर यस चरणको नेपाली कविता तत्कालीन समाजको वास्तविक प्रतिविम्ब हुन पुगेका छन् (बन्धु, २०६० : १५०) । जसले उक्त समाजको छविलाई उतारेको छ ।

## ४.२ परिवेश

यस परिच्छेदमा वीरकालीन कविताहरूमा परेका तत्कालीन प्रभावहरू (सामाजिक, आर्थिक, राजनीतिक, ऐतिहासिक, धार्मिक र सांस्कृतिक) लाई तत्कालीन परिवेशका आधारमा विश्लेषण गर्ने प्रयास गरिएको छ । यी सम्पूर्ण प्रभावहरू चूडामणि बन्धुले दिएको प्राथमिककालीन कवितामा परेका तत्कालीन प्रभाव एवं स्थितिमा आधारित रहेको छ ।

### ४.२.१ ऐतिहासिक र राजनीतिक प्रभाव

वीरकालीन कविहरूले नेपालको ऐतिहासिक र राजनीतिक विषयवस्तुमा आधारित कविता काव्यको रचना गरेका छन् । ऐतिहासिक वीरताको वर्णन कसैले स्वार्थवश आफ्ना आश्रयदातालाई खुसी पार्न गाएका छन् भने कसैले निःस्वार्थ देशभक्त नायकहरूको महिमा र गुणगान गाएका छन् । यद्यपि यी रचनाहरूमा ऐतिहासिक राजनीतिक विषयवस्तुको प्रस्तुति र वीरको प्रशंसाको बखान पाइन्छन्, तर यस कालका कविहरू आफ्नो स्वार्थको लागि मरिमेट्ने स्वार्थ पिपासु भने थिएनन् (पराजुली, २०४५ : ११०) । तत्कालीन परिवेशको चित्रण आफ्ना रचनामा उनीहरूले गरेका थिए ।

विक्रमको उन्नाइसौँ शताब्दीको प्रारम्भमा नेपालले आन्तरिक र बाह्य अवस्थासँग कडा सङ्घर्ष गर्नुपरेको थियो । त्यसबेला नेपालको आन्तरिक अवस्था विभाजित र टुक्रिएको थियो । साठी-सत्तरी साना-साना राज्यहरूमा देश विभक्त थियो, बाइसी-चौबीसी उपत्यका र तराई गरी सम्पूर्ण देश चार भागमा बाँडिएको थियो । यी चार भागमा विभिन्न वंशका शासकहरूको शासन र प्रभुत्व कायम थियो । सामान्य रूपमा हेर्दा यी राज्यहरूमा पश्चिममा चन्द्र शाह र मल्ल, पूर्वमा सेन र उत्तरमा मल्ल र शाह, दक्षिणमा सेन र मल्ल उपत्यकामा मल्लहरूको शासन रहेको थियो । यी राज्यहरूमा आपसी फुट, कलह र वैरभाव थियो । फलतः यी राज्यहरू दुर्बल शक्तिहीन अवस्थामा रहेका थिए । स्वयं आफ्नै रक्षा गर्न पनि असमर्थ रहेका यी राज्यहरू खास गरी सेन र उपत्यकाका मल्ल शासकहरू भोगविलासमा लिप्त भई राजकाजतर्फ ध्यान दिन छाडेकाले देश झन् दुरावस्थातिर गएको थियो ।

यस बेला देशको आन्तरिक अवस्था ज्यादै कमजोर थियो भने बाहिरी अवस्था अझै भयावह खतरापूर्ण थियो । त्यसबेला छिमेकी देश भारतमा मुसलमानहरूको शासन थियो र विस्तारवादी अङ्ग्रेजहरूले पनि त्यहाँ जरा गाडिसकेका थिए । अङ्ग्रेजहरूको गिद्दे आँखा नेपालमा पनि परेको थियो ।

त्यस्तै नेपाललाई छिमेकी देश चीनबाट पनि खतरा थियो । चीनका बादशाहको मनसुवा पनि तिब्बत, भुटान र सिक्किम जस्ता साना देशमाथि प्रभुत्व जमाउने र यी राज्यहरूलाई विशाल साम्राज्यमा मिलाउनु थियो ।

टुक्रिएर रहेको र विस्तारवादी अङ्ग्रेजहरू तथा चीनका बादशाहको कुदृष्टिले गर्दा सङ्कटपूर्ण अवस्थामा परेको नेपाललाई राष्ट्रिय एकता र सुरक्षा गर्ने कुनै समर्थ महापुरुषको खाँचो थियो (बन्धु, २०६० : १३३) । यो खाँचो श्री ५ महाराजाधिराज पृथ्वीनारायण शाहको व्यक्तित्वले पूरा गऱ्यो । यिनले वि.सं. १८०१ मा नुवाकोट विजय गरेर नेपाल एकीकरणको शुभारम्भ गरे, जुन शुभारम्भ नेपालको राष्ट्रिय स्वरूपमा विकासको लागि जग बन्यो । विभाजित र आपसमा सङ्घर्षरत राजा-रजौटाहरूलाई उनले एकताको सूत्रमा उने र देशको आन्तरिक अवस्था बलियो बनाउँदै एउटा सिङ्गो राष्ट्र खडा गरे । बाहिरी अवस्थाको सुधारको लागि उनले चीनका बादशाहतिर चनाखो दृष्टि राख्ने नीति अपनाए भने भारतका मुसलमान र अङ्ग्रेजको हमलालाई जवाफ दिएर विफल पार्ने नीति लिए । आफ्नो दूरदर्शिता, बुद्धिमत्ता, वीरता र साहसद्वारा यिनले देशको सार्वभौमसत्तालाई सुरक्षित राखे (बन्धु, २०६० : १३४) र देशलाई एकता एवं राष्ट्रियता प्रदान गरी नवनेपालको निर्माण गरे ।

श्री ५ पृथ्वीनारायण पछि उनका सुयोग्य उत्तराधिकारीहरू प्रतापसिंह शाह, रणबहादुर शाह र बहादुर शाहले उनको एकीकरण अभियानलाई अघि बढाए र राज्य विस्तार गर्दै वृहत्तर नेपालको सृजना गरे ।

वीरकालीन कविहरूले तत्कालीन राजनीतिक र ऐतिहासिक भावभूमिमा रहेर रचना गरिएका कविताहरू प्रशस्त रहेका छन् । जसमा कवि सुवानन्ददासको ‘पृथ्वीनारायण’ कविताले पृथ्वीनारायण शाहको व्यक्तित्व र उनको एकीकरण अभियान, काशीयात्रा, नेपालको सीमा पूर्वमा चौदण्डी र दूधकोशी आदि विषयवस्तुमा आधारित ऐतिहासिक तथा राजनीतिक तथ्यलाई आत्मसाथ गरेको छ र यसमा उनले युद्धको वर्णन र रणकौशलको वर्णन कविले यसरी गरेका छन्, जस्तै :

हँसरूप घरि भिम्सिन्को सरूप गरि
भुमराको भेस गरि सुनई लुटाव हैः
क्षेत्रीको करम गरि पापई छुवाव है (:)

(श्रेष्ठ, २०५७ : ११)

उपर्युक्त श्लोकमा कविले कस्तो रूप धारण गरेर युद्ध गनुपर्छ भन्ने देखाउँदै रणकौशलमा सिपालु हुनुपर्ने भमराको भेष धारण गर्नुपर्ने, राज्यरूपी महको सञ्चय गर्नुपर्ने, सुनजस्ता चिजको सङ्ग्रह गर्नुपर्ने र क्षेत्रीय धर्मको

पालना गर्न आह्वान गरेका छन् । यस कवितामा भक्तिभाव मूल रूपमा भन्दा पनि वीरभाव देखाउने मूल उद्देश्य भएकाले यो कविता ऐतिहासिक सत्यसँग मेल खान्छ (श्रेष्ठ, २०४१ : ४) । सुवानन्दले राष्ट्रिय चेतनाको अभिव्यक्ति ऐतिहासिक सत्यको सापेक्षतामा पृथ्वीनारायण शाहको व्यक्तित्वको रुचि आकाङ्क्षालाई व्यक्त गरेका छन् ।

शक्तिवल्लभ अर्यालले पथ्वीनारायण शाहलाई तनहुँ जित्ने उपाय बताउँदै तत्कालीन राजनीतिक अवस्थाको पृष्ठभूमिमा पृथ्वीनारायण शाहको शौर्य अतुल शाहस व्यक्त 'तनहुँ भकुण्डो' कवितामा गरेका छन्, जस्तै :

धायको छ लमजुंग मकुण्डो
कास्कि बाँध सुनको छ षुकुण्डो ।
पीउठानि कन देउ सुकुण्डो
मारि लेउ तनहुँ त भकुण्डो ... ॥२॥

(श्रेष्ठ, २०५७ : १६)

उपर्युक्त श्लोक 'तनहुँ भकुण्डो' कविताको दोस्रो श्लोक हो । यस श्लोकमा कविले लमजुङ, कास्की, प्युठान र तनहुँ चारैवटालाई विजय गर्न आह्वान गरेका छन् । उनले लमजुङलाई मकुण्डो कास्कीलाई सुनको खुकुण्डो प्युठानलाई सुकुण्डो दिएर छक्याइ तनहुँलाई भकुण्डो झैँ हान्न प्रेरित गरेका छन् । यस कविताबाट तत्कालीन ऐतिहासिक राजनीतिक परिस्थितिको बोध हुन्छ (उपाध्याय, २०६० : २७) । जसले राजनीतिक चातुर्यको झलक पनि दिएको छ ।

यस्तै उदयानन्द अर्यालको 'पुरानुबातको अर्जी' कवितामा कविलासपुरी गढी र सोमेश्वरगढीको लडाइँको वर्णन ऐतिहासिक र राजनीतिक विषयवस्तु वा परिवेशमा आधारित छ र उनकै 'पृथ्वीन्द्रोदय' र 'वंश-वृत्तान्त' कवितामा ऐतिहासिक तथ्यलाई प्रवल रूपमा उद्घाटन गर्न खोजिएको छ ।

राधावल्लभ अर्यालको 'साँढ्याको कवित्' मा राजा रणबहादुर शाहको सौखलाई पूर्ति गर्न रचना गरिएकोले यो ऐतिहासिक विषयमा आधारित छ । यी बाहेक अन्य धेरै कविता काव्यहरू राजनीतिक र ऐतिहासिक विषयवस्तुमा आधारित छ ।

यसरी वीरकालीन कविहरूले ऐतिहासिक र राजनीतिक परिवेशबाट प्रभावित भएर कविता काव्यको रचना गरी राजनीतिक ऐतिहासिक प्रभावलाई कवितामा

प्रयोग गरेका छन् । त्यसबेलाका कविहरूलाई तत्कालीन ऐतिहासिक राजनीतिक चेतना पूर्ण मात्रामा थियो र त्यही चेतनाको कारणले कवितामा तत्कालीन राजनीतिक ऐतिहासिक प्रभावलाई सुन्दर ढङ्गले प्रस्तुत गरेका छन् ।

### ४.२.२ **धार्मिक प्रभाव**

विक्रमको १९ औं शताब्दीको नेपालको धार्मिक अवस्था धार्मिक उदारताले भरिएको थियो । त्यतिबेला नेपालमा विभिन्न धार्मिक सम्प्रदायहरू प्रचलनमा रहेका थिए । हिन्दू धर्म प्रमुख धर्म र हिन्दू धर्मअन्तर्गतका वैष्णव, शाक्त र शैव सम्प्रदायहरू पूरै स्थापित भएका र प्रचलनमा थिए । त्यतिखेर विभिन्न धर्मावलम्बीहरूका माझ धार्मिक विरोधको भावना थिएन, धार्मिक सहयोगको भावना थियो । त्यसबेला बुद्धधर्मको महत्त्वपूर्ण स्थान थियो र यसका पनि हीनयान, महायान र बज्रयान  सम्प्रदायले समाजमा जरा गाडेका थिए ।

यी धर्मबाहेक नेपालमा इस्लाम र इसाई धर्म पनि बिस्तारै प्रचलनमा आएका थिए (बन्धु, २०६० : १३४-३५) । नेपालमा विभिन्न धर्म एवं धार्मिक सम्प्रदायहरू भए पनि पृथ्वीनारायण र उनका उत्तराधिकारीहरूले उदार धार्मिक नीति अँगालेर धर्महरूमा विरोधी भावना उत्पन्न हुन दिएका थिएनन् । पृथ्वीनारायण आफू हिन्दू धर्मका अनुयायी भए तापनि उनले सबै धर्महरूलाई स्वतन्त्रता प्रदान गरेका थिए । त्यही कारणले मन्दिर चैत्यको निर्माण भयो । शाहवंशीय राजाहरूको उदार धार्मिक नीतिका कारण विभिन्न धर्मावलम्बीहरूका माझ धार्मिक सहिष्णुताको वातावरण कायम भएको थियो । यिनै धार्मिक स्थितिमा वीरकालीन साहित्य अगाडि बढेको थियो ।

कवि सुवानन्ददासले 'पृथ्वीनारायण' कवितामा आराध्येदेव पशुपतिनाथका साथै विभिन्न धार्मिक तथा सांस्कृतिक स्थानहरूको वर्णन गरेका छन् । जसमा बुढानीलकण्ठ, गोकर्ण, स्वयम्भु, गुहेश्वरी, बागमती, विष्णुमती, तलेजु भवानी आदि धार्मिक स्थलहरूका बारेमा यसरी वर्णन गरेका छन्, जस्तै :

अव जाउला निलकंन्ठ
सिंबुक्षेत्र पसुपति
तलाउ भैचन् वाग्मति
गोकर्ण गुञ्जास्वरि
विस्नुमति ब्रत है:

(श्रेष्ठ, २०५७ : ११-१२)

उपर्युक्त श्लोकमा कविले पशुपतिको पूजाआजा गरेर तलेजु भवानीलाई रिझाउने मार्ग बताएका छन् (उपाध्याय, २०६० : १४) । जसबाट इच्छाको फल प्राप्त हुने कुरा बताएका छन् ।

त्यस्तै कवि उदयानन्द अर्यालले आफ्नो 'बेतालपचीसी' खण्डकाव्य (२२ औं श्लोक) मा धर्मको व्याख्या यसरी गरेका छन्, जस्तै :

रामचन्द्र, हरिचन्द्र त कर्ना
एक दीन उनले पनि मर्ना ।
धर्ममा त सबले अघि सर्नू
पुण्यदान सबले पनि गर्नू ॥

(श्रेष्ठ, २०५७ : ३२)

कवि उदयानन्दले 'बेतालपचीसी' कवितामा राम र हरिश्चन्द्रको उदाहरण दिएर एक दिन सबैले मर्नुपर्ने र मर्नुभन्दा अघि सबैले धर्ममा अघि सरेर पुण्यदान गरेमा मात्र जीवन सफल हुने कुरा व्यक्त गरेका छन् ।

यसरी वीरकालीन कविहरूले तत्कालीन धार्मिक आचारविचारलाई आफ्ना रचनामा प्रस्तुत गरेका छन् । यस्ता वीरकालीन कविहरूको धार्मिक रचनालाई अहिलेको पृष्ठभूमिमा नहेरी तत्कालीन परिवेशको दृष्टिकोणमा राखेर हेर्नुपर्दछ ।

वीरकालीन कविहरूमा लक्ष्मीनारायण पनि महत्त्वपूर्ण प्रतिभा मानिएका छन् । वीरकालीन कवितामा धेरै लक्ष्मीनारायणको नाम उल्लेख भए पनि शक्तिवल्लभका पितालाई नै वास्तविक लक्ष्मीनारायण मानिएको छ । उनीद्वारा रचित 'हरिश्चन्द्रविलाप' भन्ने कवितामा रामको चरित्रको व्याख्या यसरी गरिएको छ, जस्तै :

जसुरपति रावन खवरि पायो सिता हरन आइ ।
राम लछोमण विछोड भया सिता हरन पाइ ।

(श्रेष्ठ, २०५७ : १०१)

उपर्युक्त श्लोक लक्ष्मीनारायणद्वारा रचित 'हरिश्चन्द्रविलाप' को चौथो श्लोक हो । यसमा लक्ष्मीनारायणले भगवान रामकी पत्नी सीताको रावणद्वारा हरण भएको र राम लक्ष्मणले अनेक दुःख पाएको घटनाको वर्णन धार्मिक रूपले व्याख्या गरेका छन् । यस कवितामा राजा हरिश्चन्द्रको गाथा रहे पनि यो सीताको हरण भएपछि

रामलाई शान्त पार्न ऋषिले सुनाएको हश्चिन्द्रको दुःखद् घटना हो । हरिश्चन्द्रको कथा गर्भकथाका रूपमा रहेको छ ।

भगवान राम र सत्यवादी हरिश्चन्द्रको धैर्यता, धार्मिकता र आदर्शतालाई लक्ष्मीनारायणले धार्मिक चरित्रको रूपमा प्रस्तुत गरेका छन् ।

### ४.२.३ **आर्थिक प्रभाव**

नेपाल कृषिप्रधान देश भएकाले यहाँको प्रमुख आर्थिक स्रोत कृषि हो । एकीकरणकालीन समयमा आर्थिक अवस्थाका दृष्टिले घरेलु उद्योगको पनि महत्त्वपूर्ण ठाउँ थियो । भाडा, गहना, कपडा, जडिबुटी आदिबाहेक अस्त्रशस्त्रको निर्माण, घरेलु उद्योगको माध्यमबाट गरिन्थ्यो । साथै धातुकला काष्ठकला, चित्रकला, प्रस्तरकला आदिको निर्माण कार्य पनि देशको आर्थिक स्रोत थियो । नेपालको व्यापार मुख्यतः भारत र तिब्बतसँग थियो । एकीकरणपूर्व देश साना-साना राज्यहरूमा विभाजित भएर कलह एवं आपसी युद्धमा संलग्न रहेकाले आर्थिक स्रोतहरूको अवस्था राम्रो थिएन । उन्नाइसौं शताब्दीको प्रारम्भमा श्री ५ पृथ्वीको उदयले देशमा नयाँ आर्थिक युगको सुरुवात भयो र उनका उत्तराधिकारीहरूले पनि देशको आर्थिक उन्नतिका लागि प्रयासहरू गरे (बन्धु, २०६० : १३५-३६) र देशलाई आर्थिक रूपले मजबुद बनाउने प्रयास सबैबाट भयो ।

श्री ५ पृथ्वीबाट देशको आर्थिक सुधारका महत्त्वपूर्ण कदमहरू चालिए । देशको धन बाहिर जान नपाओस् भनेर आर्थिक प्रतिबन्ध लगाइयो, घरेलु उद्योगलाई प्रोत्साहान र कृषितर्फ पनि विशेष ध्यान दिइयो र देशको धन देशमै राख्ने भावनालाई मान्यता दिइयो (बन्धु, २०६० : १३६) । यस्तै मार्गदर्शन गरेर पृथ्वीबाट देशको आर्थिक सुधारमा प्रयास गरियो ।

वीरकालीन कविहरूले आफू बाँचेको युगको चौतर्फी बयान गर्ने क्रममा समग्र युगको आर्थिक अवस्थाको चित्रण आफ्ना रचनामा गरेका छन् । धेरैजसो कविहरूले तत्कालीन शासकहरूको प्रशंसा स्तुति गाएर आफ्नो आर्थिक अवस्थाबारे शासकहरूलाई अवगत गराएका छन् । आफ्नो आर्थिक अवस्था सुधार्ने अपेक्षा राखेका छन् । ती कविहरूमध्ये सुवानन्ददासले 'पृथ्वीनारायण' कवितामा आफ्नो कमजोर आर्थिक अवस्थाबारे यसरी बताएका छन्, जस्तै :

नुगामा सन्ताप सह्या जिवको येकलो भया
धनको दुवलो भत्रा भोककं भोर्जन नाहिं

(श्रेष्ठ, २०५७ : २१)

उपर्युक्त श्लोकमा कवि सुवानन्ददासको आत्मनिवेदन रहेको छ। उनी निर्धन भएकाले उनलाई खानको लागि भोजन र लगाउने लुगा नभएको र कुनै काम गर्ने र जीविका गर्ने उनको हात नभएको दुःखेसो उनले पृथ्वीनारायण शाहलाई भक्ति स्वरूप यो कृति लेखेर निवेदन चढाएका थिए । यसबाट तत्कालीन कवि तथा साहित्यकारहरूको आर्थिक अवस्थाको नाजुकपनबारे अवगत हुनुको साथै समग्र देशको आर्थिक अवस्थाको स्वरूपबारे ज्ञान प्राप्त हुन्छ।

वीरकालीन कवितामा तत्कालीन आर्थिक अवस्थाको व्याख्या गर्ने धेरै कविहरू छन् । तीमध्ये महत्त्वपूर्ण अर्को प्रतिभा उदयानन्द अर्याल हुन् । उनको *पृथ्वीन्द्रोदय* काव्यमा युद्धकालीन समग्र परिवेशलाई समेटिएको छ । उनले एकीकरणका क्रममा पृथ्वीनारायण शाहले अपनाएको आर्थिक नीतिलाई यसरी बयान गरेका छन्, जस्तै :

भाँडा धान् कपरा सबै तिमी लिया सुन् चादि सकीर दिया
षान्या चिज् घिउ तेल दूद् दहि जो पाउँछौ सो लिया :

(श्रेष्ठ, २०५७ : ४१)

उपर्युक्त श्लोकमा युद्धकालीन समयमा वीर तथा जनताहरूलाई भाँडा कपडा भेट्टाएमा आफूले लिने र सुन जग्गा जस्ता महत्त्वपूर्ण कुराहरू राज्य सञ्चालनका लागि जनताहरूले सरकारलाई दिनु पर्ने अर्थनीति यसमा अपनाइएको छ । राज्य सञ्चालन जनताहरूकै करबाट हुने कुराको व्याख्या यस श्लोकमा गरिएको छ ।

युद्धकालीन समयमा देशको खासै आर्थिक उन्नतिका मार्गहरू खुल्न सकेनन्, तर पृथ्वीनारायण शाहले एकीकरण गरेपछि देशको अर्थतन्त्रमा आमूल परिवर्तन ल्याउने कार्य गरे । विदेसी हस्तक्षेपलाई रोकेर आफ्नो स्वदेशको आर्थिक उन्नतिमा योगदान गर्ने मार्गको खोजी गरे । उनले विशेष रूपमा देशको घरेलु उद्योग र कृषि क्षेत्र व्यापक प्रयोग गरी देशको आर्थिक विकास गर्ने नीति अपनाए ।

वीरकालीन कविहरूले तत्कालीन आर्थिक अवस्थाको चित्रण गर्दै आफ्ना रचनामा उतार्ने कार्य गरे । साथै आफ्नो आर्थिक अवस्था सुधार्नको लागि तत्कालीन शासकहरूको स्तुति प्रशंसा गरेर धनोपार्जनको माध्यम बनाएको तथ्यलाई कवितामा उतारेका छन् ।

### ४.२.४ सामाजिक प्रभाव

चार वर्ण छत्तीस जातको देश रहिआएको नेपालको सामाजिक स्थिति आफ्नै प्रकारको छ । विभिन्न भाषाभाषी एवं जनजातिले बसोवास गरेको यस भू-भागमा विभिन्न सामाजिक परम्परा एवं मान्यता स्वतन्त्रतापूर्वक हुर्केको छ । फलस्वरूप यहाँका निवासीहरूको दैनिक जीवन सामाजिक व्यवहार भिन्नाभिन्नै प्रकारको छ । एकीकरणकालीन समयमा पनि यहाँका मानिसहरूको सामाजिक व्यवहार भिन्नाभिन्नै थियो । विवाह आदि विभिन्न संस्कारहरू, चाडवाड एवं उत्सवहरू पनि आ-आफ्नै सामाजिक परम्पराअनुसार मनाइन्थे (बन्धु, २०६० : १३६) । तर विविधतामा एकता भने कायम नै छ ।

वीरकालीन कविहरूले आफ्ना कवितामा समाजका मूल्य, मान्यता, धर्म, कर्म, लोकपरम्परा जस्ता कुरालाई कविता काव्यको विषयवस्तु बनाएका छन् । सामाजिक आस्थाप्रति सचेत वीरकालीन कविहरूले सामाजिक व्यवहार र परम्परालाई कवितामा प्रस्तुत गरेका छन् । धेरे कविहरूले सामाजिकतालाई आफ्नो विषयवस्तु बनाएका छन् । तीमध्ये रामभद्रपाध्या रेग्मीको नाम अग्रपङ्क्तिमा आउँछ । उनले 'बंधुविनपराष्टकं' कवितामा बधुलाई सामाजिक र नैतिक सन्देश यसरी दिएका छन्, जस्तै :

> निज घर लग गर्नु मान्याका भक्ति धर्नू
> रससिता(त) मन पर्नू कामले ख्याल गर्नूः
>
> (श्रेष्ठ, २०५७ : ८८)

उपर्युक्त श्लोकमा रामभद्रपाध्या रेग्मीले तत्कालीन सामाजिक आचारविचार र मान्यतालाई नैतिक शिक्षाको रूपमा प्रस्तुत गरेका छन् । वधुलाई शिक्षा दिने क्रममा

आफ्नो घरको सुरक्षा गर्नु र आफूभन्दा ठूलाको आदरभाव भक्ति गर्नु त्यसपछि फरासिलो भएर सबैलाई मनपर्ने काम गर्नुपर्छ भनेर बधुलाई नैतिक शिक्षा दिइएको छ ।

त्यस्तै अर्का कवि उदयानन्द अर्यालले 'पुरानुबातको अर्जी' र 'कुलवर्णन' कवितामा सामाजिक रीतिस्थितिको चित्रण गरेका छन् । यी कविताहरूमा सामाजिक तथा सांस्कृतिक मान्यताका साथै धार्मिक पक्षहरूलाई पनि प्रस्तुत गरिएको छ (श्रेष्ठ, २०५७ : ६८) । उदयानन्द अर्याल युगीन परिस्थिति अनुरूप सामाजिक चेतना र युगचेतना भएका कवि हुन् । उनले 'पुरानुबातको अर्जी' मा सामाजिक नियमको व्याख्या यसरी गरेका छन्, जस्तै :

जात् काम् चन्धन्मा पुसाक थितिका देख्दै ठहर्‍याँ अनी
नक्कल् पारि छुपाइ भेस कहिं क्वै आया गर्‍या ढाँट पनी,
चाँडै सास्ति समेत पाइ थितिका जाल्मा मिल्यो त्यो बनी

(श्रेष्ठ, २०५७ : २७)

उपर्युक्त श्लोकमा उदयानन्द अर्यालले सामाजिक थिति नियमको चर्चा गरेका छन् । यसमा उनले मानिसको जात कर्मको व्याख्या गरेका छन् । चन्दन टीका र पोशाकबाट मानिसको जात र काम चिनिन्छ र कसैले अन्य जातको नक्कल पारेर टीका र पोशाक लगाई आफ्नो जात छिपायो भने त्यस्ताले सास्ती पाउँथे र थितिमा मिलेर बस्नुपर्दथ्यो (उपाध्याय, २०६० : ३६) । त्यस्ता तिलक र पोशाकसम्बन्धी सामाजिक व्यवस्थाको व्याख्या गरेर उदयानन्द अर्यालले तत्कालीन युगको सामाजिक व्यवस्थाको व्याख्या गरेका छन् ।

उदयानन्द अर्यालका कवितामा तत्कालीन सामाजिक चेतनाको अभिव्यक्ति रहेको छ । उनले 'पृथ्वीन्द्रोदय' 'पुरानुबातको अर्जी' मा तत्कालीन न्याय व्यवस्थालाई देखाउने क्रममा कविले पौराणिक राजाहरूको न्याय व्यवस्थालाई उल्लेख गरेका छन् । घर-घरका झगडाका कुरा, अरूको कुरा काटेर हिँड्ने प्रवृत्ति आदिको उल्लेख गरेर समाजका सूक्ष्म पक्षको चित्रण गरेका छन् । 'पुरानुबातको अर्जी' मा नीति नियमअनुसार दान खर्चको सामाग्री तयार पारेको प्रसङ्ग, लालचन्दनको वीरता, हिन्दू धर्म र संस्कृतिअनुसारको वेशभुषा, जातअनुसारको तिलक, पोशाक, न्याय व्यवस्थाको तत्कालीन नेपाली सामाजिक आचार तथा सांस्कृतिक पक्षलाई अङ्कित गरेका छन् ।

वीरकालीन कविहरूले सामाजिक विषयवस्तुलाई गौण कतै-कतै प्रमुख रूपमा प्रयोग गरेका छन् । उनीहरूले समाजको रीतिथिति रहनसहन, धर्म, कर्म आदि विषयवस्तु समावेश गरी सामाजिक विषयवस्तुलाई कवितालेखनको प्रवृत्तिका रूपमा स्वीकार गरेका छन् । जब पृथ्वीनारायण शाहले विजयको अभियान सुरुवात गरे । त्यही समयमा नै कविहरूले समाजको घटनालाई आधार बनाएर कविता लेखनको सुरुवात गरेका हुन् ।

### ४.२.५ लोकसाहित्यको प्रभाव

एकीकरणभन्दा अघिको नेपाल विभिन्न स-साना राज्यहरूमा विभाजित भए पनि बाइसी र चौबीसी अनि पूर्वका पहाडी क्षेत्रमा नेपाली भाषाको विस्तार भइसकेको थियो । पश्चिमका भेरी कर्णाली क्षेत्रका हुड्केहरू भारत गाउँथे । अहिलेसम्म मौखिक परम्परामा बाँचेका ती भारतमा स्थानीय वीरहरूको चित्ताकर्षक वर्णन भेटिएको छ । भद्र पुरुष र महिला, पौराणिक कथाका प्रभावशाली लोक देवता तथा वीरका चरित्र गाउँथे (बन्धु, २०६० : १३७) । गाइनेहरूले वीरहरूको कर्खा मात्र गाएनन् नेपालको एकीकरणको कार्यमा पनि सहयोग गरे । लोकजीवनमा व्याप्त वीरपूजाका भावनालाई हुड्के र गाइनेले जीवन्त बनाएका हुन् ।

लोकजीवनमा विभिन्न क्षेत्रमा विभिन्न लय र भाकाका गीत कविताहरू थिए, गाथा काव्य थिए । उखान कथा र पहेलीहरू थिए । प्राथमिक कालमा केही मात्रामा र माध्यमिक कालमा केही मात्रामा लिखित साहित्यमा लोकसाहित्यका सामाग्री र शैलीको प्रयोग पाइएको छ (बन्धु, २०६०: १३७) । लोक भाकामा कविता र सिलोक सुन्ने र रमाइलो गर्ने परम्पराले नेपाली कविताको विकासमा महत्त्वपूर्ण योगदान दिएको छ ।

वीरकालीन कविहरूले तत्कालीन परिवेशको चित्रण आफ्ना रचनामा गर्ने क्रममा लोकसाहित्यको प्रयोग धेरैले आफ्ना रचनामा गरेको भेटिएको छ, जस्तै :

कवि सुवानन्ददासले आफ्नो कविता 'पृथ्वीनारायण' मा लोकको मान्यता विचारलाई मान्यता दिँदै पृथ्वीनारायणको राजसी भोजनको वर्णन यसरी गरेका छन् :

नेपालको सिन्कि लुटि मंरातको घिले भुटि

पालपाको ल्याव हिंग जिरो रिसिंगको ल्याव पिरो
तनहुँको भातसित भीर्कोटको दालसित

(श्रेष्ठ, २०५७ : १२)

उपर्युक्त श्लोकमा सुवानन्ददासले पृथ्वीनारायण शाहको राजसी भोजनको वर्णन प्रतीकात्मक रूपमा गरेका छन् । उनले नेपालको सिन्कीलाई मगराँतको घिउमा भुटेर खुर्सानी ल्याएर हाल्नु पर्ने र तनहुँको भात र भिर्कोटको दालले महाराजको भोजन तयार गर्नुपर्ने भाव व्यक्त गर्दछन् ।

कविले राजसी भोजनलाई प्रतीकात्मक रूपमा व्यक्त गर्ने क्रममा नेपाल सिन्की हो जुन तरकारी नभई भोजन हुन्न भने मगराँत घिउ जुन पृथ्वीनारायण स्वयं हुन् भने पाल्पा हिङ जीरा तुच्छ, तर तरकारी निर्माणमा महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । रिसिंङ पिरोको प्रतीक हो जो सहजै मिचिन सक्छ । तनहुँ भातको प्रतीक हो जसको सर्वाधिक महत्त्व रहेको छ ।

यसरी नेपाल मगराँत पाल्पा रिसिंङ तनहुँ भिर्कोटलाई सुवानन्ददासले पृथ्वीनारायणको राजसी भोजनको प्रतीक बनाएर प्रस्तुत गरेका छन् ।

सुवानन्ददासबाहेक अन्य धेरै कविहरूले पनि लोकसाहित्यलाई प्रयोग गरेर कविताको सृजना गरेका छन्, जसमा रामभद्रापाध्या रेग्मी, राधावल्लभ अर्याल, रत्नाकर पण्डित आदिले लोकसाहित्यलाई आफ्ना रचनामा अत्याधिक प्रयोग गरेका छन् । रत्नाकर पण्डित वीरकालीन काव्यधाराका महत्त्वपूर्ण गीतकारका रूपमा रहेका छन् । उनीद्वारा रचित 'गीत' लाई वीरधाराको महत्त्वपूर्ण रचना मानिएका छ । विशेष रूपमा उनले आफ्ना गीतमा लोकसाहित्यको प्रयोग गरेका छन, जस्तै :

डोटी राम्डो डंडेलधुरा अछाम राम्डो सांप्या
मान्छे राम्डो मनमिल्याको पन्छी राम्डो डाँफ्या

(श्रेष्ठ, २०५७ : ११३)

उपर्युक्त 'गीत' मा लोकगीत शैलीको अनुशरण गरिएको छ । रत्नाकर पण्डितले डोटी डंडेलधुरा अछामलाई सुन्दर देखाउनको लागि मनमिलेको मान्छे राम्रो र सुन्दर डाँफेसँग तुलना गरेका छन् । यसमा लोकआहानलाई प्रयोग गरिएको छ । मनमिलेको मान्छे राम्रो हुनु र पन्छीमा डाँफे सुन्दर हुने लोकआहानलाई गीतकार रत्नाकर पण्डितले प्रयोग गरेका छन् ।

त्यस्तै गरी रामभद्रपाध्या रेग्मीले आफ्नो कविता *ब्रधुबिनपराष्टक*मा बधुहरूले दैनिक जीवनमा गर्नुपर्ने नेपाली लोकव्यवहारका बारेमा शिक्षा दिएका छन्, जस्तै :

आफ्नु सीप भलो भया स भजना स्यावासि दिन्छन् पिता
माताको पनि नाम टिक्छ, सउता मिल्दीन कैल्हे पनि ॥१॥
(श्रेष्ठ, २०५७ : ६९)

उपर्युक्त श्लोकमा समाजमा बधुहरूले आफ्नो सिपलाई राम्रोसँग प्रयोग गरेमा सबैले उनलाई स्याबासी दिन्छन्, सबैले मन पराउँछन्, मातापिताको नाम राम्रो चल्छ र बधुमाथि अर्को सौता पर्न आउदिनन् भन्ने नैतिक शिक्षा बधुलाई दिइएको छ ।

वीरकालीन कविहरूले आफ्ना कवितामा लोकलयलाई समावेश गरी एक विशेष काव्य प्रवृत्तिको रूपमा पुष्टि गरेका छन् । हुड्के गाइनेहरूले गाएको वीर कथा गाथाहरूलाई समेट्दै उनीहरूले लोकलयका आधारमा कविताको सृजना गरेका छन् । त्यसैले वीरकालीन कवितामा तत्कालीन समयको लोकसाहित्यको पूर्ण रूपमा प्रभाव परेको देखिएको छ ।

### ४.२.६ भाषिक प्रभाव

नेपाली भाषाको उद्गम क्षेत्र वर्तमान नेपालको कर्णालीदेखि डडेलधुरासम्म नेपाली भाषाको उद्गम क्षेत्र हो । एकीकरणकालीन समयमा कर्णाली प्रदेश खस अधिराज्यअन्तर्गत रहेको थियो (पराजुली, २०४५ : १४) । नेपाली भाषाको विकाससँगै नेपाली साहित्यमा एक विधाका रूपमा कविताको जन्म भएको हो ।

सामाजिक गठनको लागि भाषाको प्रमुख हात हुन्छ भन्ने महसुस गरी श्री ५ पृथ्वीनारायण शाहले नेपाली भाषालाई राष्ट्रिय मान्यता प्रदान गर्ने वातावरण तयार गरे । नवगठित राज्यका जनताले आफ्नो विचारको आदानप्रदान गर्ने एउटै भाषा त्यही भाषा नै थियो । पृथ्वीनारायणका नजरमा सबै जातका नेपालीहरू र तिनका भाषाहरू समान रहनुपर्छ र थिए पनि । राजनीतिक परिवर्तनपछि एउटा साझा भाषाको महशुस गरी राष्ट्रभाषाका रूपमा नेपाली भाषालाई स्वीकारिएको थियो । उपत्यकाको नेवारी भाषालाई पनि पृथ्वीनारायण शाहले राजकीय सम्मान प्रदान गरे । उपत्यकाका मल्ल राजाहरूले नेवारी भाषाका साथै राष्ट्रभाषा नेपालीलाई प्रमुख

मान्यता दिलाए (श्रेष्ठ, २०४१ : ८) । आजभन्दा छ-सातसय वर्षअघि नै नेपाली भाषाको अस्तित्व रहेको थियो ।

नेपाली भाषाले मान्यता प्राप्त गरेपछि वीरकालीन कविहरू मान्यता प्राप्त नेपाली भाषामा कविता लेख्न उत्साहित भए किनभने यस भाषाको प्रयोग राजकीय रूपमा स-सम्मान हुन पुग्यो । यस भाषाले उच्च मान्यता प्राप्त नगरुञ्जेल यो एउटा उपेक्षित नगण्य भाषाका रूपमा हेरिएको थियो । त्यसबेला संस्कृत भाषाकै प्राधान्यता थियो र सस्कृत भाषाका विद्वान वर्ग संस्कृत भाषाको गरिमाको तुलनामा नेपाली भाषालाई हेयको दृष्टिले हेर्ने गर्दथे भने सामान्य व्यक्तिहरू आफ्नै भाषामा विचारको आदानप्रदान गर्नु नै महानता सम्झन्थे । सामान्य अवस्थामा बाँचिरहेको नेपाली भाषालाई राष्ट्रभाषाको स्तरमा पृथ्वीनारायण शाहले सजीवता दिए । प्राण प्रतिष्ठा कायम गरिदिए फलस्वरूप शक्तिवल्लभ अर्याल, उदयानन्द अर्याल, राधावल्लभ अर्याल जस्ता कविहरूले नेपाली भाषामा कलम चलाउन थाले । लोकलयलाई आधार बनाएर सुवानन्द दासले कविताको रचना गरे भने संस्कृत भाषाको प्रयोग शक्तिवल्लभ र उदयानन्द अर्याल जस्ता कविहरूले गरे । त्यसकारण त्यतिबेलाका कविताहरूमा प्रशस्त संस्कृत शब्दहरूको प्रयोग भेटिएका छन् ।

एकीकरणपूर्व जे जस्ता भाषाहरू प्रयोगमा आए पनि नवनेपालको निर्माणसँगै अन्य भाषाहरूलाई पनि उत्तिकै मान्यता प्रदान गर्दै पृथ्वीनारायणले भू-खण्डको मात्र एकीकरण गरेनन् । नेपाली भाषालाई सर्वमान्य राष्ट्रभाषाको मान्यता प्रदान गरी भाषिक एकीकरण गरे (श्रेष्ठ, २०४१ : ८-९), जुन एकीकरणद्वारा उनले राष्ट्रलाई मजबुद बनाए ।

वीरकालीन कविता लेखनको सुरुवात लोकलयबाट भएको हो । कवि सुवानन्ददासको 'पृथ्वीनारायण' कविता लोकलयमा आधारित पहिलो कविता हो । सुवानन्दले 'पृथ्वीनारायण' कवितामा प्रयोग गरेको भाषाभन्दा शुद्ध र परिमार्जित भाषा शक्तिवल्लभ अर्यालको 'तनहुँ भकुण्डो' कवितामा प्रयोग गरिएको छ । संस्कृत भाषाका विद्वान भएर पनि झर्रो नेपाली शब्दहरूको प्रयोग गर्नु उनको महत्त्वपूर्ण विशेषता हो (उपाध्याय, २०४२ : ३४) । उनले 'तनहुँ भकुण्डो' कवितामा तनहुँलाई जित्ने उपाय बताउँदै झर्रा नेपाली शब्दको र संस्कृत भाषाको प्रयोग यसरी गरेका छन्, जस्तै :

धायको छ लमजुंग मकुण्डो
कास्कि बाँध सुनको छ षुकुण्डो ।
पीउठानि कन देउ सुकुण्डो
मारि लेउ तनहुँ त भकुण्डो :

(श्रेष्ठ, २०५७ : १६)

उपयुक्त श्लोक 'तनहुँ भकुण्डो' कविताको दोस्रो श्लोक हो । यसमा लमजुङ, कास्की, प्युठान र तनहुँ चारैवटालाई विजय गर्न कविले आह्वान गरेका छन् । उनले लमजुङलाई मकुण्डो, कास्कीलाई सुनको खुकुण्डो, प्युठानलाई सुकुण्डो दिएर तनहुँलाई भकुण्डो झैँ हान्न प्रेरित गरेका छन् (उपाध्याय, २०६० : २७) । तनहुँ जित्ने कुटनीतिपूर्ण उपाय बताएका छन् ।

तत्कालीन वीरकालीन कवि राधावल्लभ अर्यालले पनि आफ्ना कवितामा ठेट नेपाली शब्द र लोकलयलाई आधार मानेर लोकलयपूर्ण भाषाशैलीको प्रयोग गरेका छन् । उनले 'साँढ्याको कवित्' मा बलिया-बलिया साँढेहरू जुधाएर गरिने साँढे जुधाइको चित्रणमा लोकलयपूर्ण भाषाशैलीको प्रयोग यसरी गरेका छन्, जस्तै :

लऱ्यो माहाँविर मताः माऱ्यो लात्: विर
सुर वैरि भागै अेत्ता उत्ताः
विर विरकोः मेष माऱ्योः दलि उडायोः
जैसो वयारकै पत्ताः

(श्रेष्ठ, २०५७ : ५०)

उपर्युक्त श्लोकमा साँढेको खतरनाक र रोमाञ्चकारी भीषण युद्धलाई प्रस्तुत गरिएको छ । साँढे जुधाएर मनोरञ्जन लिने तत्कालीन शासकहरूको प्रवृत्तिलाई यस श्लोकले उजागर गरेको छ ।

यस कविताको रचनागत वैशिष्ट्यमाथि विचार गर्दा यसमा अन्त्यानुप्रासको योजनाका साथै विषयलाई चित्रात्मक रूपमा प्रस्तुत गर्ने क्षमता र उपमानपरक अभिव्यक्ति छ (उपाध्याय, २०६० : २५) । यस श्लोकमा लोकलयात्मक प्रयोग शैली, लाक्षणिक एवं व्यन्जनात्मक भाषाशैलकिो प्रयोगले कविता उत्कृष्ट नमुना बनेको छ ।

लोकलयलाई आधार मान्दै संस्कृत विद्वान्‌हरूले पनि झर्रा नेपाली शब्दहरूको प्रयोग गरी वीरकालीन कविहरूले शुद्ध नेपाली भाषाको प्रयोग गरी उत्तरवर्ती कविता काव्यलाई समेत प्रभाव पारेका छन् ।

### ४.२.७ राष्ट्रिय चेतनाको प्रभाव

राष्ट्रिय चेतना भन्नाले राष्ट्रियता हो । नेपाली राष्ट्रियता भन्नाले तमाम नेपालीहरूले राष्ट्रप्रति गर्ने भक्तिभाव र समर्पणलाई जनाउँछ । नेपालप्रति नेपालीहरूले देखाएको भक्तिभाव, भाइचारा र एकता नै समग्रमा राष्ट्रियता वा राष्ट्रिय चेतना हो ।

पृथ्वीनारायण शाहले एकीकरणपछि उदार राष्ट्रिय नीतिहरू अँगालेर नेपालमा राष्ट्रिय चेतनाको विशाल महल खडा गरे । जति-जति उनले राज्यहरू जित्दै गए उति-उति उनले साम्प्रदायिकताको बीज अङ्कुरण हुन दिएनन् । विना रक्तपात नेपाल एकीकरण गरी दक्षिण सीमाबाट बढ्दो ब्रिटिस शक्तिको सामु डटेर लड्ने सामर्थ्य राखे । उपत्यकामा पनि मल्लहरू उनीबाट असन्तुष्ट रहन सकेनन् बरु उनीहरूले पृथ्वीनारायण शाहको आगमनलाई पर्खेका थिए । जसले गर्दा उनले विजय कार्यका लागि राष्ट्रिय चेतनाको शङ्खघोष गर्न सके । जनताको मनोभावनालाई चिनेर त्यसको कदर गर्ने क्षमता उनको थियो । धर्म र संस्कार जनताको जीवनमा सबैभन्दा गहिरो सम्बन्ध राख्ने तत्त्व हो । यसको विनाश भएमा जनतामा रोष उत्पन्न हुन्छ भन्ने तथ्यसँग उनी परिचित थिए । फलतः उनी जनतासँग मिली उनीहरूको हरेक कार्यको समर्थनमा लागे । पृथ्वीनारायण शाहको आकाङ्क्षा अनुकुल नै उपयुक्त वातावरणको सृजना भयो (श्रेष्ठ, २०५७ : ६-७) र राष्ट्रिय चेतनाको उजागर पनि भयो ।

वीरकालीन कवितामा वीरकालीन कविहरूले तत्कालीन राष्ट्रिय चेतनाको प्रभावलाई आफ्ना कवितामा उतारेका छन् । कवि सुवानन्ददासले ‘पृथ्वीनारायण’ कवितामा राष्ट्रिय चेतनाको स्वरलाई यसरी व्यक्त गरेका छन्, जस्तै :

हंसरूप घरि भिम्‌सिन्‌को सरूप गरि
भुमराको भेस गरि सुनई लुटाव है:
क्षत्रीको करम गरि पापई छुटाव है:

(श्रेष्ठ, २०५० : १२)

उपर्युक्त श्लोकमा कवि सुवानन्ददासले भीम भुमरा, हंस जस्ता प्रतीक विम्बको प्रयोगद्वारा राष्ट्रियताको विगुल फुकेका छन् ।

यसमा हँस भएर अर्थात् दोष गुण स्वच्छ आत्मा लिएर, भीमजस्तै अजेय वीर भएर, भुमराजस्तै मीठो भुनभुन गर्दै टुक्रिएको राज्यरूपी फूलहरूलाई रसमा परिणत गर्नुपर्ने भाव व्यक्त गरिएको छ । सुवर्ण दान गरेर सुनजस्तै कीर्ति फैलाएर क्षेत्रीयको धर्म पूरा गरी पाप छुटाउनका लागि कविले यस श्लोकमा आह्वान गरेका छन् । यस श्लोकले तत्कालीन कविहरूमा आफ्नो देशप्रति भएको राष्ट्रियताको उद्घोष गरेको छ ।

वीरकालीन अर्को महत्त्वपूर्ण कवि उदयानन्द अर्यालले 'पुरानुबातको अर्जी' कवितामा आफूभित्रको राष्ट्रियताको स्वरलाई यसरी व्यक्त गरेका छन्, जस्तै :

मांहाराज पृथिवीन्द्र साह नृपका अषत्यार नायक बनी
चौबिस् बाइस राज्य दिग्विजयमा औतार्भयाका भनी

(श्रेष्ठ, २०५७ : ३२)

उपर्युक्त श्लोकमा उदयानन्द अर्यालले पृथ्वीनारायण शाह पछिका उनका उत्तराधिकारी बहादुर शाहको उच्च तवरले प्रशंसा गरेका छन् । यसमा उनले पृथ्वीनारायण शाहका पथप्रदर्शक नायक र चौबीसी बाइसी राज्य दिग्विजय गर्ने अवतारका रूपमा उनलाई उल्लेख गरेका छन्

देशको सीमा विस्तार गर्नेमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका बहादुर शाहको राष्ट्रप्रतिको माया र बफादारीलाई राष्ट्रिय चेतनाको स्वरूपमा कविले प्रस्तुत गरेका छन् ।

वीरकालीन कविहरूले देशका विभिन्न ऐतिहासिक-सांस्कृतिक ठाउँहरूको वर्णन गरी नेपाल र नेपाली जातिको देशभक्ति र राष्ट्रियताले भरिएका वीरताका स्वरहरूलाई आफ्ना कवितामा सजाएका छन् । उनीहरूले आफ्नो युगका आकाङ्क्षा, भावना र देशभक्ति राष्ट्रियताको स्वरलाई काव्यमा स्थान दिएका छन् ।

### ४.२.८ सांस्कृतिक प्रभाव

नेपाली साहित्य कविताको आदिकाल मानिएको पहिलो काल नेपाली संस्कृतिकै एक अभिन्न परम्पराका रूपमा जन्मी हुर्की विकसित भएको हो (

श्रेष्ठ, २०५७ : ११) र वीरकालीन समयमा राजाको समक्ष कयौं अर्जी निवेदनहरू गरिन्थे ।

वीरकालीन समयमा प्रजाहरूले आफ्ना शासकहरूलाई एक युग पुरुष वा कृष्ण रामको रूपमा बन्दना अर्चना गर्ने छुट्टै परम्परा रहेको थियो । चार वर्ण छत्तीस जातको साझा फूलबारीका रूपमा उद्घोष गरिएको नेपालमा एकीकरणपछि पनि विभिन्न जात, धर्म र भाषाभाषीहरूले स्वतन्त्रतापूर्वक समाजिक सांस्कृतिक परम्पराहरू अगाडि बढाएका छन् । त्यस समयमा समाजदेखि राजपरिवारम्म नै वहुविवाहको प्रथा रहेको थियो । पुरुषको तुलनामा महिलाहरूको स्थान एकदमै न्यून स्थानमा थियो । त्यस समयमा केही मात्रामा भारतेली र युरोपेली सभ्यताको हावा नेपालमा पसिसकेको थियो । भारतमा अङ्ग्रेजहरूको प्रभाव उनीहरूको संस्कारबाट नेपाल अछुतो रहन सकेन (बन्धु, २०६० : ३२२-२३) । नेपालमा पनि परसंस्कृतिकरणको प्रभाव पऱ्यो ।

एकीकरणकालीन समयमा बहुविवाहको प्रथा रहेकाले जतिवटी पत्नी भए तापनि पतिको मृत्युमा सति जाने प्रचलन थियो । ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र जात एवं वर्णअनुसार तिलक एवं पोशाक लगाउने प्रचलन यस समयमा व्यवस्था गरिएको थियो भने तत्कालीन समयमा मनोरञ्जनका लागि लोककथा, लोकगाथा र वीरगाथाहरू गाइनेद्वारा गाइने र दरबारमा भने साँढेको युद्ध गराएर मनोरञ्जन प्रात गर्ने प्रचलन थियो ।

वीरकालीन समय युद्धजन्य संस्कारमा हुर्केको समय हुनाले तत्कालीन कविहरूले युद्धजन्य संस्कारका साथै सामाजिक परिवेशका संस्कारहरूलाई आफ्ना कवितामा उतारेका थिए । त्यस्ता कविहरूमा रामभद्रपाध्या रेग्मीको नाम अग्रपङ्क्तिमा आउँछ । उनले आफ्नो कविता 'बधुविनपराष्टंकं' मा समाजमा बुहारीहरूले अपनाउनु पर्ने सामाजिक नैतिक मर्यादालाई यसरी प्रस्तुत गरेका छन्, जस्तै :

सोरसार नगरी किन हिड्नु दुःखले मनमहाँ जनि पीरनू
सांझमा पिर भया पनि उठनू अल्सिले छल गरी जनि सूतनूः
(श्रेष्ठ, २०५७ : ८८)

उपर्युक्त श्लोकमा रामभद्रपाध्या रेग्मीले समाजमा बधुहरूको सामाजिक एवं नैतिक मर्यादालाई व्याख्या गरेका छन् । बधुहरूले सदैव मान्यजनको आज्ञालाई शिरोपर गर्दै मनमा जति पीडा पिर परे पनि त्यो पीडा कसैलाई नदेखाइ उज्यालो मुख लगाएर हिँड्नुपर्ने र पिर व्यथा पऱ्यो भन्दैमा बहानामा अल्छी गरी साँझमा कहिल्यै पनि नसुत्नु भन्ने बधुहरूलाई नैतिक शिक्षा दिइएको छ । यसै कविताले तत्कालीन समयको समाजको सामाजिक सांस्कृतिक परिवेश र नारीहरूको अवस्थालाई राम्रोसँग उजागर गरेको छ ।

वीरकालीन कवितामा तत्कालीन समयको सामाजिक र सांस्कृतिक परिवेशको चित्रण अन्य कविहरूले पनि आफ्ना रचनामा गरेका छन् । जसमध्ये सुवानन्ददासले 'पृथ्वीनारायण' कवितामा पनि तत्कालीन युद्धजन्य परिस्थितिको सामाजिक सांस्कृतिक तवरले व्याख्या गरेका छन्, जस्तै :

गोकुल पुग्यो नुंवाकोट कृष्णअउतारि हैः
घानमा लाग्यो वान पंन्द्र सहे गिडा परे
वाह्रवटि सति चले घेर लामुडांडा हैः

(श्रेष्ठ, २०५७ : २०)

उपर्युक्त श्लोकमा कवि सुवानन्ददासले कृष्णका अवतार भएका राजा नुवाकोटरूपी गोकुलमा पुगे भनेर पृथ्वीनारायण शाहलाई कृष्ण र नुवाकोटलाई गोकुलको रूपमा व्याख्या गरेका छन् । श्लोकको दोस्रो अंशमा लामिडाँडाको उल्लेख गरिएको छ । लामिडाँडामा भएको युद्धको वर्णन यसमा गरिएको छ । घानमा (शत्रुपक्ष) वाण लागेर पन्ध्रसय योद्धा मारिए र ती योद्धाका सतीहरूले लामिडाँडालाई घेरे भनिएको छ (उपाध्याय, २०६० : १६) । यसमा पृथ्वीनारायण शाहले गरेको युद्धको वर्णन गरिएको छ ।

कवि सुवानन्ददासले पृथ्वीनारायण शाहले लामिडाँडामा गरेको महायुद्धलाई वर्णन गरेर तत्कालीन समयको सामाजिक-सांस्कृतिक व्यवहारको बयान गरेका छन् । तत्कालीन समयमा मानिसहरूले गर्ने बहुविवाह प्रथा र लोग्नेको मृत्यु भएपछि उसका सम्पूर्ण पत्नीहरू सति जाने प्रथाको व्याख्या श्लोकले गरेको छ ।

यसरी वीरकालीन कविहरूले सांस्कृतिक विषयवस्तुलाई आफ्ना रचनामा प्रस्तुत गरेका छन् । समाजका रीतिस्थिति, धर्मकर्म, संस्कार, नियम कानून आदि

विषयवस्तुको समावेश गरेर सांस्कृतिक विषयवस्तुलाई कविता लेखनको प्रमुख प्रवृत्तिका रूपमा स्वीकारेका छन् ।

## ४.३ निष्कर्ष

प्रस्तुत परिच्छेदमा 'वीरकालीन कविताको युगीन प्रभावका बारेमा समग्रमा व्याख्या र विश्लेषण गरिएको छ । यस व्याख्या-विश्लेषणमा वीरकालको तत्कालीन परिवेशको सामाजिक, सांस्कृतिक, राजनीतिक, ऐतिहासिक र धार्मिक परिवेशले पारेको प्रभावका बारेमा विश्लेषण गरिएको छ । कुनै पनि साहित्यिक रचनामा रचनाकार बाँचेको युगको तत्कालीन परिस्थितिको चित्रण गरिएको हुन्छ । कुनै पनि रचनाले आफ्नो युगको समग्र परिवेशको पोल खोलिरहेको हुन्छ, जसबाट कनै पनि युगको साहित्यका बारेमा मूल्याङ्कन गरी विश्लेषण गर्ने आधार तयार गर्ने गरिएको हुन्छ ।

वीरधाराको समय सीमा भनेको पृथ्वीनारायण शाहको नुवाकोट विजय (वि.सं. १८०१-१८७२) सम्मको अवधि मानिएको छ । नेपालको इतिहासमा वीरकालको अवधिलाई युद्धकाल मानिएको छ ।

एकीकरण र राज्य विस्तारको फलस्वरूप यस समयको युगीन परिस्थितिमा युद्धको महत्त्व सर्वोपरी भएको छ । यसै अनुरूप नेपाली कविताको प्रमुख विषय युद्ध अनि वीरता हुन पुगेको हो । यस चरणमा वीरताको स्तुति प्रशंसा गरेर नेपाली कविताले समयको वास्तविकतालाई वाणी दिएको हो । यस समयमा कविताका रूप फुटकरदेखि महाकाव्यसम्मका रचना यी समयमा देखा पर्नु कविता कालखण्डकै ठूलो प्राप्ति हो । कविताको सौन्दर्य बढाउन वीरकालीन कविहरूले संस्कृतका विभिन्न शास्त्रीय तत्त्वहरूलाई कवितामा समावेश गराएका छन् ।

यसरी वीरकालीन कविताबाट लेखनको सुरुवात भएको र त्यही समयमा नै फुटकरदेखि महाकाव्यसम्मका काव्यकृति प्रकाशित भएका छन् । यी काव्यकृतिहरू तत्कालीन परिस्थितिका ज्वलन्त उदाहरण हुन् । नेपाली काव्यका प्रथम प्रहरका गायक यी कविहरू कुनै न कुनै रूपले राष्ट्रनिर्माण र त्यससित सम्बन्धित युद्ध अभियान एवं विजयसित निकटतम् रूपले जोडिएका थिए । त्यसकारण वीरता नै यस कालखण्डको मूल पक्ष हो । यस कालका कवितामध्ये ठेट नेपाली शब्द र

आलङ्कारिक भाषा विन्यास पाइए पनि प्रायः अपरिष्कृत र अपरिमार्जित भाषाको प्रयोग आदि वीरधाराका प्रमुख विषयगत प्रवृत्ति हुन् । वीर धाराको यस उपलब्धिले नेपाली कविता लेखनमा नयाँ परम्पराको निर्माण भएको छ ।

# पाँचौं परिच्छेद

## शोध निष्कर्ष

"वीरकालीन कवितामा युगीन प्रभाव" शीर्षकको प्रस्तुत शोधपत्रलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । यस शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचयका साथै शोध लेखनमा के कस्तो विधि अपनाइएको छ भन्ने कुरालाई उल्लेख गरिएको छ भने दोस्रो परिच्छेदमा वीरकालीन कवितामा युगीन प्रभावको सैद्धान्तिक ढाँचा तयार पारिएको छ । तेस्रो र चौथो परिच्छेदमा वीरकालीन कवितामा युगीन प्रभावको सर्वेक्षण र प्रवृत्तिगत विश्लेषण गरिएको छ, जसलाई बुँदागत रूपमा यसरी देखाउन सकिन्छ :

१. वीरकालीन कवितामा तत्कालीन ऐतिहासिक र राजनीतिक परिस्थितिको प्रतिविम्बन भएको पाइन्छ । तीमध्ये शक्तिवल्लभ अर्यालको 'तनहुँ भकुण्डो' र उदयानन्द अर्यालको 'पुरानुवातको अर्जी' कविताले तत्कालीन परिवेशको गहिरो चित्रण गरेका छन् ।

२. वीरकालीन कवितामा तत्कालीन धार्मिक परिवेशको चित्रण वीरकालीन कविहरूले सुन्दर ढङ्गले गरेका छन् । जसमध्ये सुवानन्ददासको 'पृथ्वीनारायण,' उदयानन्दको 'बेतालपचीसी' खण्डकाव्यमा व्यापक रूपमा धार्मिक परिवेशको चित्रण भएको छ । वीरकालीन कविहरूले तत्कालीन समयको आर्थिक प्रभावलाई आफ्ना कवितामा सजीव चित्रण गरेका छन् । जसमध्ये पनि सुवानन्द दासको 'पृथ्वीनारायण' र उदयानन्दको 'पृथ्वीन्द्रोदय' काव्यमा तत्कालीन समयको आर्थिक अवस्थाको चित्रण व्यापक गरिएको छ ।

३. वीरकालका कविहरूले एकीकरणकालीन समयको समाजको चित्रण आफ्ना कवितामा सजीव रूपमा उतारेका छन् । जसमध्ये रामभद्रपाध्या रेग्मीको 'बंधुबिनपराष्टकं' र उदयानन्दको 'पुरानुबातको अर्जी' कवितामा तत्कालीन समाजको व्यापक चित्रण भएको छ ।

४. वीरकालीन कविहरूले लोकसाहित्यको प्रयोग आफ्ना कवितामा गरेका छन् । तीमध्ये कवि सुवानन्ददासको 'पृथ्वीनारायण' कविता र रत्नाकर पण्डितको 'गीत' मा व्यापक लोकसाहित्यको प्रयोग गरिएको छ ।

५. वीरकालका कविहरूले तत्कालीन समयको भाषालाई आफ्ना रचनामा उतारेका छन् । जसमा शक्तिवल्लभ अर्यालको 'तनहुँ भकुण्डो' र राधावल्लभ अर्यालको 'साँढ्याको कवित्त' मा तत्कालीन समयको भाषाको प्रयोग गरिएको छ ।

६. वीरकालका कवित्हरूले तत्कालीन समयको सांस्कृतिक परिवेशको चित्रण आफ्ना कवितामा बेजोड ढङ्गले गरेका छन् । तीमध्येमा पनि रामभद्रपाध्या रेग्मीको 'बंधुविनपराष्टकं' मा र सुवानन्ददासको 'पृथ्वीनारायण' कवितामा तत्कालीन समयको सांस्कृतिक परिवेशको चित्रण व्यापक गरिएको छ ।

७. वीरकालका कविहरूले युद्धकालीन समयको राष्ट्रिय चेतनाको भावलाई आफ्ना कवितामा सुन्दर ढङ्गले उतारेका छन् । जसमध्ये सुवानन्ददासको 'पृथ्वीनारायण' र उदयानन्दको 'पुरानुवातको अर्जी' कवितामा राष्ट्रियताको चर्को स्वर घन्किएको छ ।

समग्रमा वीरकालीन कविहरूले एकीकरणकालीन युगको सिङ्गो चित्रण आफ्ना रचनामा गर्ने क्रममा तत्कालीन समयको आर्थिक, सामाजिक, राजनैतिक, ऐतिहासिक, लोकजीवन, संस्कृति, भाषा, धर्म र राष्ट्रियता जस्ता पक्षहरूलाई आफ्ना कविताको विषयवस्तु बनाएर समग्र वीरकालीन समयको चित्रण सजीव रूपमा आफ्ना रचनामा उतारेका छन् ।

# सन्दर्भसामग्री सूची


अर्याल, उषा (२०७०). "वीरकालीन कविताको विश्लेषण". अप्रकाशित शोधपत्र स्नातकोत्तर तह, त्रि.वि. नेपाली केन्द्रीय विभाग ।

आचार्य, बाबुराम (२०६९). *पुराना कवि र कविता.* (दशौं सं.), ललितपुर : साझा प्रकाशन ।

आचार्य, बलराम (२०६२). *नेपाली समाज र संस्कृति.* काठमाडौँ : नेसनल बुक सेन्टर ।

उपाध्याय, केशवप्रसाद (२०६०). *प्राथमिककालीन कवि र काव्य प्रवृत्ति.* (चौथो सं.), ललितपुर : साझा प्रकाशन ।

पराजुली, ठाकुरप्रसाद (२०४५). *नेपाली साहित्यको परिक्रमा.* काठमाडौँ : नेपाली विद्या प्रकाशन ।

पौडेल, नारायणप्रसाद (२०६०). "नेपाली कवितामा छन्दविधान". अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह, त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

पौडेल, सुमित्राकुमारी (२०६३). "वीरकालीन कविताका प्रवृत्ति". अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह, त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

प्रसाई, गणेशबहादुर (२०४४). *सुवानन्ददासदेखि राजीवलोचनसम्म.* ललितपुर : साझा प्रकाशन ।

बन्धु, चूडामणि (सम्पा.) (२०६०). *नेपाली साहित्यको इतिहास.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

भण्डारी, गोपालप्रसाद (२०५३). *प्राग्भानुभक्तीय नेपाली काव्य.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

लुईंटेल, खगेन्द्रप्रसाद र मोहनराज शर्मा (२०६७). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* (ते.सं.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम (२०६३), *नेपाली साहित्यका केही पृष्ठ.* (पाँचौं.सं.), ललितपुर : साझा प्रकाशन ।

- - - (२०५७). *वीरकालीन कविता.* (ते.सं.), ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०५६). *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास.* (पाँ.सं., ललितपुर : साझा प्रकाशन ।